# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि


वर्ष १३ | अंक ३५ | काठमाडौं | बिहीबार, १४ जेठ २०८३ | Prabhab National Daily | Thursday, 28 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


जेन-जी आन्दोलनबारे मानवअधिकार आयोगको प्रतिवेदन

# तत्कालीन प्रधानमन्त्री ओली मुख्य दोषी

## सुशीला कार्की, रवि लामिछानेदेखि छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसम्मलाई अनुसन्धानको दायरामा तान्न सिफारिस

■ **प्रभाव संवाददाता**






**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले गत वर्ष भदौ २३ र २४ गतेको जेन-जी विद्रोहमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रमुख दोषी ठहर गरेको छ । आयोगले बुधबार सार्वजनिक गरेको २९ पृष्ठको प्रतिवेदनमा भदौ २३ गतेको परिस्थिति सिर्जनाको मुख्य कारक ओली भएको ठहर गरेको हो ।

सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध तत्काल फुकुवा गर्नुपर्छ भनी सुरक्षाकर्मीदेखि विभिन्न निकायले दिएको सुझाव ओलीले नमान्दा जेन-जी विद्रोह भएको प्रतिवेदनमा उल्लेख छ । 'सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धका कारण भदौ २३ गतेको प्रदर्शन सुरु भएको र त्यसपछि देशैभरि जुन परिस्थितिको सिर्जना भयो त्यसको मुख्य कारकको रूपमा तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद (केपी) शर्मा ओली रहेको देखिन्छ,' आयोगको प्रतिवेदनमा भनिएको छ । आयोगकी सदस्य डा. लिली थापाको संयोजकत्वमा बनेको छानबिन समितिले प्रतिवेदन सार्वजनिक तयार गरेको हो ।

भदौ २३ गते नयाँ बानेश्वरमा रहेको संसद भवन आगाडि जेन-जी प्रदर्शनका क्रममा १९ जना युवाको गोली लागी मृत्यु भएको थियो । त्यसपछि भदौ २४ गते देशभर प्रदर्शन नियन्त्रणबाहिर जाँदा सिंहदरबारदेखि शीतलनिवाससम्म आगजनी भएको थियो । दुईदिने विद्रोहमा ७६ जनाको मृत्यु भएको थियो ।

सोही विद्रोहका कारण ओली सरकार ढलेको थियो । उक्त आन्दोलनमा ओलीसँगै त्यतिबेलाका गृहमन्त्री रमेश लेखक र सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङलेसमेत मानवअधिकार उल्लंघन गरेको ठहर प्रतिवेदनमा गरिएको छ । अतः मानवता र मानवअधिकार कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर तीनै जनालाई कारबाही गर्न आयोगले सिफारिस गरेको छ । 'निजहरूलाई कारबाही र सजाय गर्न नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आयो । अतः सो बमोजिम नयाँ कानुन निर्माण गरी माथि उल्लिखिन तीनैजनालाई सोही कानुनबमोजिम कारबाही गर्नु,' सिफारिसमा भनिएको छ ।

तीनै जनालाई बढीमा छ महिना कैद वा तीन लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था राखी कारबाही गर्न सुझाइएको छ । यस्तै, राजनीतिक नियुक्ति वा निर्वाचित हुने जुनसुकै पदमा कम्तीमा पाँच वर्षसम्मका लागि उम्मेदवार हुन नमिल्ने व्यवस्था गर्न,...

⏭ क्रमशः पृष्ठ २ मा

- मानवअधिकार उल्लंघनकर्ता ठहरिएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङलाई छ महिना कैद वा तीन लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था राखी कारबाही गर्न सिफारिस
- अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, उच्चस्तरीय छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्कीमाथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस
- रास्वपा सभापति रवि लामिछाने जेलबाट बाहिर निस्कनु फौजदारी अपराध भएको रविसँगै उनलाई बाहिर निकाल्न संलग्नहरूमाथि कारबाही सिफारिस
- रास्वपाका १६ सांसदमाथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस
- आन्दोलनका दिन हिंसात्मक गतिविधि नियन्त्रणमा सेनाले सहयोग नगरेको ठहर
- हामी नेपाल संस्थाका अध्यक्ष सुधन गुरूङ, नेपाल प्रहरीका तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्की, तत्कालीन प्रहरी नायब महानिरीक्षक ओमविक्रम राणा, वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारी, सशस्त्र प्रहरीका तत्कालीन अतिरिक्त महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरीक्षक जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल तथा फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमाण्डरहरूलाई विभागीय कारबाही गर्न निर्देशन

# वाचापत्रविपरीत स्वास्थ्य बिमाबाट हात झिक्दै वालेन्द्र सरकार

## निजी अस्पतालमा दिइँदै आएको आकस्मिकबाहेकका सबै सेवा स्थगित

- स्वास्थ्य बिमा कार्यक्रम यही १६ जेठदेखि निजी अस्पतालमा बन्द
- बिरामी र निजी अस्पताल प्रभावित हुँदै
- वित्तीय संकटका कारण स्वास्थ्य बिमा सेवा बन्द गर्नुपर्ने भएको प्रस्टीकरण




■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत निजी अस्पतालमा दिइँदै आएको आकस्मिकबाहेकका सबै सेवा स्थगित गर्ने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को वाचापत्रविपरीत सोही पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारले यस्तो निर्णय गरेको हो । यो निर्णयले स्वास्थ्य बिमामा आबद्ध बिरामीहरू र ३६ वटा निजी अस्पताल प्रभावित हुने भएका छन् ।

गत वर्षको ७ फागुनमा रास्वपाले चुनावी वाचापत्र सार्वजनिक गर्दै स्वास्थ्य बिमा कार्यक्रमलाई नागरिकको पहुँज पुग्नेगरी विस्तार गर्ने वाचा गरेको थियो । 'स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँज सुनिश्चित हुनेगरी विस्तार गर्नेछौं,' वाचापत्रको ७१ नम्बर बुँदामा थियो ।

तर, वालेन्द्र सरकार गठन भएको ठीक दुई महिना पुग्दा स्वास्थ्य बिमा कार्यक्रममा संकुचन ल्याउने निर्णय भएको हो । यस्तो निर्णय गर्नुमा स्वास्थ्य बिमा बोर्डले बढ्दो वित्तीय संकटलाई कारण देखाएको छ । यससँगै यही १६ जेठदेखि लागू हुनेगरी निजी स्वास्थ्य संस्थामा ओपिडी, परीक्षण, शल्यक्रिया, औषधि तथा नियमित उपचारसम्बन्धी बिमा सेवा बन्द हुने भएको छ । अब निजी अस्पतालहरूले आकस्मिक सेवामात्रै बिमाअन्तर्गत दिन पाउने छन् ।

> स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँज सुनिश्चित हुनेगरी विस्तार गर्नेछौं ।
>
> ■ **रास्वपाको वाचापत्र**

> उहाँहरूको वाचापत्रमा पनि अझ नागरिकको पहुँज सुनिश्चित हुनेगरी स्वास्थ्य बिमा कार्यक्रम विस्तार गर्ने भन्ने थियो, त्यसविपरीतको निर्णय आयो ।
>
> ■ **प्रदीप पौडेल**
> **पूर्वस्वास्थ्यमन्त्री**

सरकारको यो निर्णयसँगै स्वास्थ्य बिमा कार्यक्रमबाट लाभ लिइरहेका लाखौं नागरिक प्रत्यक्ष प्रभावित हुने भएका छन् । विशेषगरी निजी मेडिकल कलेज र अस्पताललाई उपचारको मुख्य आधार बनाउँदै आएका बिरामी, दीर्घरोगी, शल्यक्रियाको पालो कुरिरहेका सेवाग्राही तथा दुर्गम जिल्लाका बीमित नागरिक बढी मारमा पर्ने देखिएको छ ।

स्वास्थ्य बिमा बोर्डकी निमित्त कार्यकारी निर्देशक शकुन्तला प्रजापतिका अनुसार बोर्डको आर्थिक दायित्व अस्वाभाविकरूपमा बढेकाले यस्तो निर्णय लिनुपरेको हो । उनका अनुसार बोर्डले अस्पतालहरूलाई उपचार खर्चबापत करिब १८ अर्ब रूपैयाँ भुक्तानी गर्न बाँकी छ र प्रत्येक दिन झण्डै दुई करोड रूपैयाँ थपिँदै गएको छ ।

बोर्डका दाबी भुक्तानी शाखा प्रमुख डा. पवन साहका अनुसार बिमा कार्यक्रमअन्तर्गत सबैभन्दा धेरै खर्च ओपिडी सेवामा भइरहेको छ । कूल भारमध्ये ५५ प्रतिशतभन्दा बढी ओपिडीकै हुने गरेको र निजी अस्पतालमा दिइँदै आएको ओपिडी सेवा रोक्दा खर्च कम हुने विश्वास गरिएको उनले बताए ।

स्वास्थ्य बिमा कार्यक्रम लागू भएपछि धेरै जिल्लामा निजी अस्पताल र मेडिकल कलेज नै विशेषज्ञ सेवाको मुख्य केन्द्र बनेका थिए । सरकारी अस्पतालमा विशेषज्ञ सेवा, उपकरण तथा जनशक्तिको अभाव हुँदा बिरामी निजी अस्पतालमार्फत बिमाको सुविधा लिइरहेका थिए । अब त्यो बाटो बन्द भएपछि सेवाग्राही सरकारी अस्पताल धाउन बाध्य हुने छन् ।

विशेषगरी क्यान्सर, मुटु, मिर्गौला, मधुमेह र दीर्घरोगका बिरामीलाई समस्या बढ्ने देखिएको छ । कतिपय बिरामीले महिनौंअघि तय भएका शल्यक्रिया र परीक्षण रोक्नुपर्ने अवस्था आउन सक्ने चिकित्सकहरू बताउँछन् । सरकारी अस्पतालमा लामो लाइन, सीमित बेड र विशेषज्ञ अभावका कारण सेवा प्राप्त गर्न अझ कठिन हुने चिन्ता बढेको छ ।

यसअघि नै स्वास्थ्य बिमा बोर्डमा पुगेका उजुरीहरूमा बिरामीले लामो समयदेखि विभेदपूर्ण व्यवहार, अत्यधिक लाइन, शल्यक्रियाका लागि महिनौं कुर्नुपरेको, औषधि तथा ल्याब शुल्क तिर्नुपरेको, निःशुल्क औषधि नपाएकोलगायतका गुनासा गर्दै आएका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

वैदेशिक रोजगार व्यवसायीको चेतावनी

# राज्यलाई वैदेशिक रोजगार आवश्यक नभए धरौटी फिर्ता देऊ, व्यवसाय बन्द गर्छौं

> राज्य स्वयंले इजरायलमा एक लाख ६५ हजार र दक्षिण कोरियामा एक लाख २० हजार लिनुको साटो किन १० हजारमा नपठाएको ? १० हजारमा हामी कामदार पठाउन सक्दैनौं, पठाएका पनि छैनौं । दक्षिण एसियाको अभ्यासअनुसार दुई महिनाको सेवा शुल्क तोकियोस् ।
>
> ■ **हरिबहादुर पाण्डे**
> **अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति**




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले राज्यलाई वैदेशिक रोजगार आवश्यक भए/नभएको जवाफ मागेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनीहरूले यदि वैदेशिक रोजगार आवश्यक नभए धरौटी फिर्ता व्यवसायी बन्द गर्न तयार रहेको चेतावनीसमेत सरकारलाई दिएका छन् ।

वैदेशिक रोजगार ऐन र नियमावलीमा भएका अव्यावहारिक दफाहरूका कारण यस क्षेत्र उत्पादनमूलक बन्न नसकेको एकता समितिको भनाइ छ । समितिले यस क्षेत्रलाई अव्यवस्थित बनाउनेमा सेवा शुल्क प्रमुख कारण भएको औंल्याएको छ । पत्रकार सम्मेलनमा समितिका अध्यक्ष हरिबहादुर पाण्डेले व्यवसायीले १० हजार रूपैयाँ शुल्क लिएर श्रमिक पठाउन पर्ने भए राज्यले किन पठाउन नसकेको भन्दै प्रश्न गरे । छिमेकी मुलुकहरूले लिने सेवा शुल्कका आधारमा व्यवसायीको शुल्क निर्धारण गरिनुपर्ने उनको भनाइ छ ।

'राज्य स्वयंले इजरायलमा एक लाख ६५ हजार र दक्षिण कोरियामा एक लाख २० हजार लिनुको साटो किन १० हजारमा नपठाएको ?,' उनले भने, '१० हजारमा हामी कामदार पठाउन सक्दैनौं, पठाएका पनि छैनौं । दक्षिण एसियाको अभ्यासअनुसार दुई महिनाको सेवा शुल्क तोकियोस् ।' सरकारले पछिल्लो समय विभिन्न उजुरीका आधारमा इजाजतप्राप्त संस्थाका अनुगमन गर्दै व्यवसायीलाई धरपकडसमेत गर्दै आएकोप्रति उनले आपत्ति जनाए ।

⏭ क्रमशः पृष्ठ २ मा

# चुनावमा जान संघलाई प्रशासनको अनुमति

## जेठ २४ मा निर्वाचन हुने, गुरुङपक्षद्वारा अस्वीकार

■ **ममता थापा**

**काठमाडौं–** विवादमा फसेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ । प्रशासनले बुधबार संघलाई पठाएको पत्रमा प्रस्टरूपमा निर्वाचनमा जान नभने पनि संघको बहुमत पदाधिकारीले राजीनामा दिइसकेका कारण विधान र प्रचलित कानुनबमोजिम काम कारबाही गर्न भनेको हो ।

संघको विधान हेर्दा प्रशासनको यो निर्देशनले निर्वाचनको बाटो खुला गरिदिएको बुझिन्छ । विधानको दफा २६ (४) (ख) मा 'कार्यसमितिका दुईतिहाइ पदाधिकारीहरूले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने छ र सोही दिन सल्लाहकारहरूको रोहवरमा एक सात सदस्यीय प्रबन्ध समिति खडा गरी प्रबन्ध समितिले २१ दिनभित्र विशेष साधारणसभा बोलाई सोही दिन निर्वाचन सम्पन्न गराउने छ' भन्ने उल्लेख छ । अध्यक्ष भुवनसिं गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै गत वैशाख १४ मा कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले सामूहिक राजीनामा दिएका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघ प्रबन्ध समितिको सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिका दुईतिहाइ पदाधिकारीले राजीनामा दिएकाले संघको विधानको दफा २६(४) ख बमोजिम प्रबन्ध समिति गठन गरी यस विषयमा जानकारी गराई शान्ति सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पत्राचार गरिएकोमा संघ संस्थाको नियमन गर्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंले मिति २०८३/०२/१३ चलानी नं. ८७५ को पत्रबाट तपसिलमा उल्लेखित ५ बुँदे निर्देशन दिई पत्राचार गरेको जाानकारी गराइन्छ ।

१. तहाँ संघको विधान, प्रचलित कानुन, स्थापित विधि, प्रक्रिया र मान्यताको अधिनमा रहेर मात्र काम कारबाही गर्ने/गराउने ।
२. संघमा आबद्ध रहेका संस्थाहरुलाई समयमै सूचना प्रवाह गरी नवीकरण, आबद्धता र पुनः आबद्धतालगायत कार्य गर्ने/गराउने व्यवस्था मिलाउने ।
३. संघले उक्त कार्यहरु गर्दा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने/गराउने व्यवस्था मिलाउने ।
४. विधान र प्रचलित कानुनबमोजिम हुने कार्यहरुमा कुनै पनि पक्षले अवरोध सिर्जना नगर्ने ।
५. संघबाट सम्पादन हुने कार्यहरुको नियमित रुपमा यस कार्यालयलाई समेत जानकारी गराउने ।

अतः मिति २०८३/०२/२४ गते कार्यसमितिको निर्वाचन गर्न प्रमुख निर्वाचन अधिकृत श्री टंकबहादुर राउत, निर्वाचन अधिकृत श्री भवानीप्रसाद निरौला र सदस्य सचिव वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला रहेको निर्वाचन समिति गठन गरिएकाले निर्वाचन समितिले प्रकाशन गर्ने निर्वाचन कार्यतालिकाभित्र सदस्यता लिने, नवीकरण गर्ने, प्रतिनिधि पठाउनेलगायतका कार्यहरू गरी निर्वाचनसहितको विशेष साधारणसभामा भाग लिई संघको आगामी कार्यकालका लागि संघको कार्यसमिति चयन गर्नका लागि सहभागी हुन अनुरोध गर्दछौं ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रबन्ध समिति**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

# ‘रेडपाण्डा’ को स्वास्थ्य अवस्था अध्ययन गर्न दिसा परीक्षण

**म्याग्दी–** म्याग्दीको धवलागिरी गाउँपालिकामा पर्ने जलजला र ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पाइने संकटापन्न जनावर रेडपाण्डा (हाब्रे)को दिसा परीक्षण गरी स्वास्थ्य अवस्थाको अध्ययन थालिएको छ ।

दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धवलागिरि गाउँपालिका-२ र ३ मा पर्ने जलजला, मुना, मरेनी र ढोरपाटन सिकार आरक्ष क्षेत्रमा अध्ययन थालेको हो । वायोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले हाब्रेको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिने र संरक्षणमा सहयोग गर्ने उद्देश्यले हाब्रेको दिसाको परीक्षण गरी अध्ययन गर्न प्राविधिक टोली परिचालन भएको जानकारी दिए ।

‘यस क्षेत्रमा हाब्रेको पेट र आन्द्रामा हुने परजीवी (किरा/जुका) को अवस्थाका विषयमा अध्ययन भइरहेको छ,’ उनले भने, ‘दिसा भेटिएका ठाउँहरूमा जडान भएको १२ वटा स्वचालित क्यामरामा कैद हुने दृश्यको आधारमा रेडपाण्डाको अनुमानित संख्या पहिचान गर्नका लागि पनि अध्ययन भइरहेको छ ।’

समुन्द्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले संकटापन्न वन्यजन्तुको सूचीमा राखेको छ । यसअघि जलजलामा तीन वटा क्यामेरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा ‘रेकर्ड’ भएको कार्यक्रम अधिकृत राईले बताए । सो क्षेत्रमा छ वटादेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको उनले बताए ।

स्थानीयबासीले विसं २०८० को असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट, २०८१ को मंसिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए । वि.सं. २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्छ ।

रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिंगो र टोट्का परेका रुख गुर्जा, लुलाङ र मुनाको जंगलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो । रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र एक लाखदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययनअनुसार हाब्रेको संख्या नेपालमा ५०० देखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमामात्र हाब्रेको बासस्थान छ । नेपालमा एलुरेन्स फचुजन्स जातको हाब्रे रहेको छ । *रासस*

# ‘अपराधमुक्त समाज निर्माणमा नागरिकको सहयोग महत्त्वपूर्ण’

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) ईश्वर कार्कीले नागरिकको सहयोगमा प्रहरीलाई अपराधमुक्त समाज निर्माणमा सहयोग पुगेको बताएका छन् ।

प्रहरी वृत्त सोह्रखुट्टे, सामुदायिक सेवा केन्द्र ठमेल र विभिन्न वडाको सहकार्यमा बुधबार यहाँ आयोजित ठमेल क्षेत्रको शान्ति, सुरक्षाबारे अन्तर्क्रिया कार्यक्रममा उनले समाजमा हुने अपराध न्यूनीकरणमा नागरिकको महत्त्वपूर्ण भूमिका रहेको बताएका हुन् ।

एआइजी कार्कीले ठमेल क्षेत्रलाई सुरक्षित बनाउन सिसी क्यामेरा जडानले महत्त्वपूर्ण सहयोग पुगेको बताए । उनले ठमेल क्षेत्रमा ध्वनि प्रदूषण ठूलो समस्याको रूपमा देखिएको भन्दै यसलाई न्यूनीकरण गर्नुपर्ने उल्लेख गरे । एआइजी कार्कीले केही विदेशी नागरिक गलत उद्देश्यका साथ ठमेलमा बस्ने गरेकाले त्यस्ता व्यक्तिमाथि कडा निगरानी र कानुनी कारबाही भइरहेको जानकारी दिए । उनले मानवअधिकारको पूर्ण पालना गर्दै कानुनी दायरामा रहेर सुरक्षा व्यवस्था चुस्त बनाउने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रमेश थापाले प्रहरी र नागरिकबीचको अन्तर्क्रियाले ठमेललाई एक सुरक्षित र सभ्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नयाँ ऊर्जा थपेको बताए । उनले विशेषगरी रात्रिकालीन व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई आफ्नो व्यवसायभित्र मात्र सीमित नभई सामाजिक उत्तरदायित्व पनि वहन गर्न आग्रह गरे ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष ध्रुव अधिकारीले सुरक्षित र अपराधमुक्त ठमेल निर्माणका लागि परिषद्ले काम गरिरहेको बताए । प्रहरी वृत्त सोह्रखुट्टेका प्रमुख, प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीच सहकार्य आवश्यक रहेको बताए ।

# पोखरा बसपार्कको जग्गा छानबिन गर्न समिति गठन

**कास्की (प्रस)–** पोखरा महानगरपालिका-९ स्थित पोखरा बसपार्क निर्माणका लागि विसं २०३० मा अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिन गर्न तीन सदस्यीय समिति गठन गरिएको छ ।

पोखरा उपत्यका नगर विकास समितिले पूर्वन्यायाधीश शंकरराज बरालको अध्यक्षतामा समिति गठन गरेको हो । समितिमा पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी र पोखरा उपत्यका नगर विकास समितिका प्रशासनिक अधिकृत प्रकाश सुवेदी सदस्यसचिव रहेका छन् ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको १९६ रोपनी जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको १८७ रोपनी जग्गासम्बन्धी सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन् । विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएकोलगायत आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि समिति गठन गरिएको नगर विकास समितिका अध्यक्ष तथा पोखरा महानगर प्रमुख धनराज आचार्यले बताए ।

उनका अनुसार समितिलाई विगत ५१ वर्षको अवधिमा विभिन्न चरणमा भएका निर्णय, सट्टापट्टा तथा वितरण प्रक्रियासम्बन्धी कागजातको अध्ययन, विश्लेषण र परीक्षण गरी न्यायिक दृष्टिकोणबाट प्रतिवेदन तयार गर्न जिम्मेवारी दिइएको छ । समितिलाई प्रतिवेदन पेस गर्न १५ कार्यदिनको समय तोकिएको छ ।

‘समितिले निष्पक्ष र तथ्यमा आधारित प्रतिवेदनमार्फत बसपार्क जग्गासम्बन्धी देखिएका, सुनिएका तथा उठाइएका सबै विषयको यथार्थ उजागर गर्ने छ । आधा शताब्दीदेखि चर्चामा रहेको बसपार्क परियोजनालाई अब सफल विकासको उदाहरणका रूपमा स्थापित गर्नका लागि सबैको साथ र सहयोग आवश्यक छ,’ महानगरप्रमुख आचार्यले भने ।

यसैगरी, महानगरले बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका सुकुमबासी तथा भूमिहीन परिवारको वास्तविक अवस्था पहिचान गर्न तथा जग्गा व्यवस्थापनका लागि दुई छुट्टाछुट्टै समिति गठन गरेको छ । महानगरपालिकाका अनुसार पोखरा बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथा यही जेठ ८ गतेसम्म आफ्नो विवरण तथा लगत अद्यावधिक गराएका ५७२ सुकुमवासी तथा भूमिहीन परिवारको तथ्यगत अध्ययन, छानबिन र सत्यतथ्य पहिचान तथा वास्तविक सुकुमबासीको व्यवस्थापनका लागि समिति गठन गरिएको हो ।

पृष्ठ १ बाट क्रमशः

## तत्कालीन...

प्रशासनिक जिम्मेवारीमा कम्तीमा तीन वर्षसम्मका लागि बन्देज लगाउन, विदेश भ्रमणमा जान कम्तीमा तीन वर्षसम्म प्रतिबन्ध लगाउनेलगायत व्यवस्थाको सुझाव दिइएको छ ।

**सुशीला कार्की र ओमप्रकाश अर्याल पनि अनुसन्धानको दायरामा**

आयोगले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्यालमाथि छानबिन गर्न सिफारिस गरेको छ । त्यसैगरी कार्की सरकारले गठन गरेको उच्चस्तरीय छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्कीलाई पनि छानबिनको दायरामा ल्याउन आयोगले सिफारिस गरेको छ ।

**रास्वपाका सभापतिसहित १६ सांसद अनुसन्धानको दायरामा**

आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, प्रवक्ता मनिष झा, सचिवालय सदस्य हरि ढकालसहितलाई अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ । अनधिकृतरूपमा कारागारबाट निस्किएको अभियोगमा लामिछानेसहित झा र ढकाललाई कारबाही गर्न भनिएको हो । ‘कारागार ऐन २०७९ को दफा ४९ मा उल्लेखित फौजदारी अपराधसमेत भएको हुँदा रवि लामिछाने कारागारबाट बाहिर निस्कनुमा को कसको कस्तो संलग्नता थियो भन्ने सम्बन्धमा नख्खु कारागारका प्रशासक (जेलर) सत्यराज जोशी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई छुटाउन भनी ठूलो समूहसहित गएका तत्कालीन सांसद तथा राष्ट्रिय स्वतन्त्र पार्टीका जिम्मेवार नेताहरू मनिष झा, हरि ढकालसमेतलाई शंकाको दायरामा राखी सूक्ष्म अनुसन्धान गरी दोषी पत्ता लगाइ कानुनबमोजिम कारबाही गर्नू,’ सिफारिसमा भनिएको छ । अहिले लामिछाने, झा र ढकाल तीनै जना प्रतिनिधिसभा सदस्य छन् ।

लामिछानेलाई ल्याउन गाडी प्रयोग गरेका कलाकार रामकृष्ण ढकालको बारेमा प्रतिवेदनमा केही भनिएको छैन । त्यसैगरी आयोगले रास्वपाका अन्य सांसदहरूमा गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, डा. तोसिमा कार्की, राजीव खत्री, केपी खनाल, दीपक बोहरा, ज्वाला संग्रौला, पुरुषोत्तम यादव, सुधन गुरुङ, शोम शर्मा, आशिका तामाङलाई पनि विस्तृत अनुसन्धान गरी दोषी देखिए कारबाही गर्नू भनी सिफारिस गरेको छ ।

**आइजिपी कार्कीलाई पनि कारबाही सिफारिस**

मानवअधिकार आयोगले तत्कालीन प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुवेर खापुङलाई मानवअधिकार उल्लंघनमा दोषी ठहर गर्दै कानुनबमोजिम कारबाहीसहित भविष्यमा कुनै पनि सरकारी सेवामा जिम्मेवारी नदिन सिफारिस गरेको छ ।

यसैगरी हालका आइजिपी दानबहादुर कार्कीलाई पनि कारबाही सिफारिस गरेको छ । आन्दोलनका बेला अतिरिक्त प्रहरी महानिरीक्षक रहेका कार्कीसहितका प्रहरी अधिकारीलाई विभागीय कारबाही गर्न सिफारिस गरेको हो । कार्की जेन-जी आन्दोलनपछि आइजिपी बनेका हुन् ।

‘सेवामा रहेका नेपाल प्रहरीका तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्की, प्रहरी नायब महानिरीक्षक ओमविक्रम राणा, वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारी, सशस्त्र प्रहरीका तत्कालीन अतिरिक्त महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरीक्षक जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल तथा भदौ २३ गते बानेश्वर र संसद् भवन क्षेत्रमा फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमाण्डरहरूलाई मानवअधिकार उल्लंघन गरेकोमा नेपालको संविधानको धारा २४९ (२) को (ङ) बमोजिम प्रक्रिया पुऱ्याई विभागीय कारबाही गरी सोको जानकारी राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ को दफा १७(२) बमोजिम यस आयोगलाई दिनू,’ सिफारिसमा भनिएको छ ।

**सेनाको भूमिकामा कमजोरी**

आयोगले जेन-जी आन्दोलनमा भएको विध्वंश नियन्त्रण गर्न नेपाली सेनाले खेलेको भूमिकामा कमजोरी औंल्याएको छ । हिंसा नियन्त्रणका लागि प्रमुख जिल्ला अधिकारीले सहयोग माग्दासमेत सेनाले बेवास्ता गरेको प्रतिवेदनमा भनिएको छ । ‘भदौ २३ गतेको प्रदर्शन हिंसात्मक भई सुरक्षाकर्मीको नियन्त्रणभन्दा बाहिर गइसकेपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारीले सेनाको सहयोग माग गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । तर व्यवहारतः त्यस्तो सहयोग नभएको सो दिनको परिस्थितिबाट देखिन्छ,’ प्रतिवेदनमा भनिएको छ ।

जेन-जी आन्दोलनमा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनदेखि देशैभर भएको मानवीय र भौतिक क्षतिमा नेपाली सेनाको कमजोरी रहेको निष्कर्ष निकालिएको छ । ‘अनुसन्धानका क्रममा संकलित मिसिल संलग्न सबुत प्रमाणहरूको सूक्ष्म विश्लेषण गर्दा माथि उल्लिखित २३ र २४ गतेको प्रदर्शनमा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनसमेतमा तोडफोड तथा आगजनी गरी देशैभरि जुन प्रकारको मानवीय, भौतिक तथा आर्थिक क्षति भएको छ सो हुनुमा नेपाली सेनाको पनि कमजोरीहरू देखिएको,’ प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनमा जनअपेक्षाअनुरूप राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न नसकेको तथा आमनागरिकको मानवअधिकार संरक्षणप्रति संवेदनशील हुन नसकेको देखिँदा भविष्यमा यस्ता विषयमा गम्भीर भई राष्ट्रिय सम्पत्तिको संरक्षण र आमनागरिकको मानवअधिकार संरक्षणप्रतिको दायित्वलाई प्राथमिकता दिन प्रधानसेनापतिलाई निर्देशन दिने र सिंहदरबारको सुरक्षाका लागि सिंहदरबारभित्र रहेको सेनाको गणका तत्कालीन प्रमुख र राष्ट्रपति भवन शीतलनिवासका सेनाको तत्कालीन कमाण्डरलाई सचेत गराउन राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ दफा ५ अनुसार नेपाल सरकारको ध्यानाकर्षण गराउन भनिएको छ ।

**कलाकार र कन्टेन्ट क्रियटर को–को परे ?**

सिफारिस खण्डको १० नम्बर बुँदामा चलचित्र निर्देशक निश्चल बस्नेत, टेलिभिजन कार्यक्रम निर्देशक अमनप्रताप अधिकारी, भ्लगर सिसन बानियाँलगायतका कलाकारलाई स्वच्छ सुनुवाइको हक अधिकारको सुनिश्चिततासहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न सिफारिस गरिएको छ । प्रतिवेदनमा रुटिन अफ नेपाल बन्दका सञ्चालक भिक्टर पौडेल, युटचुबर टंक ढकाल, भाग्य न्यौपाने, विवेक थपलिया, निशान मैनालीलगायतमाथि पनि अनुसन्धान गर्न सिफारिस गरेको छ ।

आयोगले दुर्गा प्रसाईं, भीम उपाध्याय, सबल गौतम, अंकित मल्ल, खेमराज साउद, रक्षा बम, हेमराज थापा, असिममान बस्नेत, रविकिरण हमाललगायतलाई पनि अनुसन्धानको घेरामा तान्न सिफारिस गरेको छ ।

■■■

## वाचापत्रविपरीत...

अब निजी अस्पतालको सेवा बन्द भएपछि यी समस्या झन् बढ्ने अनुमान गरिएको छ । जनस्वास्थ्यविद्हरूले वालेन्द्र सरकार आफ्नो वाचाबाट पछि हटेको टिप्पणी गरेका छन् । ‘सबैका लागि स्वास्थ्य सेवा’ भन्ने संविधानको मर्ममाथि पनि सरकारको यो कदमले प्रहार गरेको भन्दै उनीहरूले चिन्ता प्रकट गरेका छन् ।

पूर्वस्वास्थ्यमन्त्री प्रदीप पौडेलले स्वास्थ्य बिमा कार्यक्रममा केही सुधार आवश्यक भएको तर निजी अस्पतालबाट हात झिक्ने सरकारको निर्णय रास्वपाकै वाचापत्रविपरीत भएको बताए । उनले भने, ‘उहाँहरूको वाचापत्रमा पनि अझ नागरिकको पहुँज सुनिश्चित हुनेगरी स्वास्थ्य बिमा कार्यक्रम विस्तार गर्ने भन्ने थियो, त्यसविपरीतको निर्णय आयो, हो केही पुनर्विचार गर्न आवश्यक थियो ।’

स्वास्थ्य बिमाका लागि जनताले अग्रिम पैसा तिरेका छन् । तर, सरकारले स्वास्थ्य बिमाअन्तर्गत सेवा दिन सक्दिनँ भन्नु राज्यको असफलता भएको भन्दै कतिपयले वालेन्द्र सरकारको आलोचना गरेका छन् । स्वास्थ्य बिमा कार्यक्रम आर्थिक संकटमा फस्नुको मुख्य कारण व्यवस्थापन कमजोरी र अनियन्त्रित दायित्व भएको मानिएको छ । बोर्डले यसअघि नै ओपिडी उपचार सीमा एक लाख रूपैयाँबाट घटाएर २५ हजार रूपैयाँमा झारेको थियो । त्यसपछि बिमा नवीकरण गर्नेको संख्या घट्दै गएको बिमा बोर्डकै अधिकारीहरू बताउँछन् ।

यद्यपि, बोर्ड भने घट्दो नवीकरण दरलाई समेत राहतका रूपमा हेरिरहेको छ । किनकि बीमित संख्या घटेपछि आर्थिक दायित्व पनि कम हुने बोर्डको बुझाइ छ ।

स्वास्थ्य बिमा कार्यक्रम सुरु हुँदा पाँच सदस्यसम्मको परिवारले तीन हजार ५०० रूपैयाँ तिरेर वार्षिक एक लाख रूपैयाँसम्म उपचार सुविधा पाउने व्यवस्था गरिएको थियो । अतिरिक्त सदस्यका लागि प्रतिव्यक्ति ७०० रूपैयाँ थप शुल्क लाग्ने र २० हजार रूपैयाँबराबर सेवा थपिने व्यवस्था थियो । औषधि, परीक्षण, परामर्श तथा उपचार सेवा समेटिएको यो कार्यक्रमलाई स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षा योजनाको महत्त्वपूर्ण आधार मानिएको थियो ।

तर, अहिले आर्थिक संकट परेको भन्दै बोर्डले निजी अस्पतालबाट हात झिकेको हो । उसो त यसअघि नै त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरलगायतका ठूला अस्पतालले भुक्तानी नपाएको भन्दै सेवा सीमित गरिसकेका छन् । वीर अस्पताल र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रलेसमेत आंशिक सेवामात्रै दिइरहेका छन् ।

यद्यपि, वालेन्द्र सरकार गठन भएपछि स्वास्थ्य बिमा कार्यक्रम सुधार हुने अपेक्षा गरिएको थियो । तर, त्यस्तो भएन । सरकार गठन भएको छोटो समयमै सेवा कटौतीको निर्णय आउँदा कार्यक्रमप्रतिको विश्वास झन् कमजोर बनेको छ । तत्कालीन केपी शर्मा ओली सरकारले स्वास्थ्य बिमा कार्यक्रम थालनी गरेको थियो । २५ चैत २०७७ देखि ताप्लेजुङ, दोलखा, बारा, सर्लाही, मनाङ र मुस्ताङबाट उक्त कार्यक्रम सुरु गरिएको थियो । स्वास्थ्य बिमा बोर्ड भने २०७२ सालमै गठन भएको हो । तर, पाँच वर्ष पूरापूर हुँदा स्वास्थ्य बिमा कार्यक्रम नै संकटमा परेको हो, जसबाट बिरामीहरू प्रभावित हुने भएका हुन् ।

■■■

## राज्यलाई वैदेशिक...

अनधिकृत व्यक्तिलेसमेत व्यवसायीलाई धम्क्याउन थालेकाले यस्तो अवस्थामा व्यवसाय गर्न नसकिने अध्यक्ष पाण्डेले बताए । ‘हाल भइरहेको कारबाही हाम्रो लागि असह्य छ । मन्त्रालयको पिएले पनि व्यवसायीलाई धम्क्याउने, छापा मार्ने काम भइरहेको छ,’ उनले भने, ‘हामीलाई कारबाही गर्न परे विभागले अनुगमन गरोस् । यही अवस्था हो भने व्यवसाय गर्नसक्ने स्थिति छैन । राज्यलाई हामी चाहिँदैन भने तपाईंहरू आवश्यक छैन भने भनिदिन पऱ्यो । हामी धरौटी फिर्ता लग्न तयार छौं ।’

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले रोजगारीमा जाने श्रमिकको विभिन्न शीर्षकमा लाग्ने खर्च रोजगारदाताले नव्यहोर्दा १० हजार रूपैयाँ शुल्क लिएर रोजगारीमा पठाउन सम्भव नभएको प्रस्ट पारे । उक्त शुल्कलाई शून्य नबनाए मागपत्र पनि प्रमाणीकरण नहुने उनले बताए । ‘कुवेत र साउदी अरबमामात्र हो १० हजार लिन पाउने । हिजोआज दूतावासमा मागपत्र प्रमाणीकरण गर्ने सिस्टम हुन्छ,’ उनले भने, ‘१० हजार लेखेर गयो भने जिरो बनाएर ल्याऊ भन्छ । अनि विज्ञापन जिरोमा हुन्छ । त्यसपछि व्यवसायीले कर तिर्ने आधार हुँदैन ।’

२०७२ जेठ २६ गतेबाट लागू गरिएको फ्रि-भिसा, फ्रि टिकटको नीतिले व्यवसायी र श्रमिकलाई दुःख दिएको व्यवसायीले बताएका छन् । छोटो समयका लागि परीक्षण गर्न भन्दै ल्याइएको नीतिको औचित्य समाप्त भइसकेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले बताए । साथै, मुलुकको रोजगारीले श्रमिकले जीवनयापन गर्न सक्ने अवस्था नबनेसम्म वैदेशिक रोजगारीमा जाने संख्या न्यूनीकरण नहुने खत्रीको भनाइ छ । हालसम्म अर्थतन्त्रलाई धानीरहेको यस क्षेत्रलाई अहिले नै अप्ठ्यारोमा पारेर सरकारले थप समस्या निम्त्याउँछ कि भन्ने चिन्तासमेत बढेको उनले बताए ।

‘२०५० सालपछि २०८२ सालसम्म ८० लाख श्रमिक एकपटक श्रम स्वीकृति लिएर रोजगारीमा गएछन् । उनीहरूले करिब २०० खर्ब रेमिटचान्स पठाएछन् । श्रमिकहरूले ५० खर्ब विलासितामा खर्च गरे होलान्,’ उनले भने, ‘तर १५० खर्ब त्यही पैसा हो जसले अर्थतन्त्र चलायमान बनायो, विदेशी मुद्रा सञ्चितिको आधार बन्यो, व्यापार घाटा न्यूनीकरण गऱ्यो । सरकारले अहिले नै यो क्षेत्रलाई चलाएर अर्थतन्त्रलाई धराशायी बनाउँछ कि भन्ने हाम्रो डर हो ।’ पत्रकार सम्मेलनमा एकता समितिले वैदेशिक रोजगार क्षेत्रका प्रमुख आठ वटा समस्या तथा तिनको समाधानका लागि सुझावसमेत सार्वजनिक गरेको थियो ।

■■■

## चुनावमा जान...

सामूहिक राजीनामापछि निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा प्रबन्ध समिति बनाएर आज (१४ जेठ) का लागि निर्वाचन घोषणा गरिएको थियो । आज निर्वाचन नहुने भएपछि यही जेठ २४ गते निर्वाचन गर्ने मिति तय गरिएकोमा बुधबार प्रशासनबाट उक्त निर्देशनसहितको पत्र संघलाई पठाएको हो ।

संघको विधानबमोजिम गठित प्रबन्ध समितिले जेठ १४ गतेको निर्वाचनमा अवरोध भएकाले उक्त निर्वाचन रोकी जेठ २४ गते विशेष साधारणसभा तथा चुनाव गराउन शान्ति सुरक्षा गरिपाऊँ भन्ने पत्रका आधारमा उक्त निर्देशन दिइएको प्रशासनको पत्रमा उल्लेख छ । समयमै निर्वाचन नहुँदा संघको प्रतिनिधित्व हुनुपर्ने सरकारी निकायमा प्रतिनिधित्व हुन नसकेको र व्यवसायीका हक हितका कार्य पनि अवरोध भएको पत्रहरू प्राप्त भएको भन्दै प्रशासनले विधानबमोजिमका कार्यहरू गर्न भन्दै पाँच बुँदे निर्देशन जारी गरेको छ । ‘...यी समग्र विषयहरूलाई विश्लेषण गर्दा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई विवादमा राखीरहनु उपयुक्त नदेखिएको हुँदा तपसिलबमोजिमको निर्देशनबमोजिम संघका कार्यहरू गर्नू/गराउनुहुन आदेशानुसार अनुरोध छ,’ प्रशासनको पत्रमा भनिएको छ ।

पाँचबुँदे निर्देशनमा संघको विधान, प्रचलित कानुन, स्थापित विधि, प्रक्रिया र मान्यताको अधीनमा रहेरमात्र काम कारबाही गर्ने/गराउने; संघमा आबद्ध संस्थाहरूलाई समयमै सूचना प्रवाह गरी नवीकरण, आबद्धता र पुनः आबद्धतालगायतका कार्य गर्ने गराउने व्यवस्था मिलाउने; संघले उक्त कार्यहरू गर्दा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा गराउने भनिएको छ । साथै, विधान र कानुनबमोजिमको कार्यमा कुनै पनि पक्षले अवरोध सिर्जना नगर्ने र संघबाट सम्पादित हुने कार्यहरूको नियमितरूपमा जानकारी गराउन प्रशासनले भनेको छ । प्रशासनले प्रहरी परिसर काठमाडौंलाई समेत आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउन निर्देश गरेको छ ।

**अध्यक्ष गुरुङ पक्षद्वारा अस्वीकार**

संघका अध्यक्ष भुवनसिं गुरुङपक्षले भने जिल्ला प्रशासनबाट प्राप्त पत्रको आशय निर्वाचन गराउन नभएको दाबी गरेको छ । गुरुङपक्षमा रहेका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले असन्तुष्ट पक्षले बारम्बार दबाब दिएपछि प्रशासनले ‘अधकल्चो’ पत्र पठाएको बताए । उक्त पत्रले निर्वाचन गराउन कुनै निर्देशन नदिएको उनको दाबी छ ।

‘यो अधकल्चो पत्र प्राप्त भएको छ । विगतमा पनि यस्तो तदर्थ समिति बनेको छ,’ खोखालीले भने, ‘समिति बन्दा सल्लाहकार या पूर्वअध्यक्षको नाममा निर्वाचनमा जाने र त्यसको जानकारी जिल्ला प्रशासनमा बुझाउने भनेर स्पष्ट भनिन्छ । चिठी तदर्थ समितिलाई होइन संघलाई आएको छ । संघमा हामी छौं ।’ पत्रमा विभिन्न कागजातहरू समेत प्राप्त नभएको भनिएकाले मागेको कागजात नपाएपछि पुनः मगाउने काम हुने तर चुनाव गराउने निर्देशन पत्रले नदिएको उनको तर्क छ ।

प्रबन्ध समितिका संयोजक तथा संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले भने प्रशासनले आफूहरूको मागबमोजिमकै पत्र दिएकोले निर्वाचन गराउने बाटो खुलेको बताए । ‘प्रबन्ध समितिले माग गरेअनुसारको निर्देशन आएको छ । अब चुनाव गराउने आधिकारिक बाटो खुल्यो । २४ गतेको निर्वाचनका लागि छोटो समय छ, धमाधम काम हुन्छ,’ उनले भने ।

**सच्याइएको**

नोवल बहुउद्देश्यीय सहकारी संस्था लि. को मिति २०८३/०२/१३ मा प्रकाशित सूचनामा लिलाम हुने मिति २०८३/२/२९ हुनुपर्नेमा अन्यथा उल्लेख भएकोले यो सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**नोवल बहुउद्देश्यीय सहकारी संस्था लि., मानभवन, ललितपुर**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/१४ गते**

यस कम्पनीको मिति २०८३/०१/२० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्मी टेक्निकल इन्स्टिच्युट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.टि.नेट प्रा.लि. (प्रा.लि.नं. ९१८९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०२/१४**

यस कम्पनीको मिति २०८३/०२/१० को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **न्यू राज प्लास्टो ईन्डस्ट्रिज प्र.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **कैलाश प्लास्टो ईन्डस्ट्रिज प्र.लि.** (प्रा.लि.नं. २५७८७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०२/१४ गते

यस कार्यालयमा मिति २०८३/०१/०९ मा दर्ता भएको **कावा स्टोर प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३९०३४९)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Mahad Manpower Pvt. Ltd. (Splendid Job Solution Pvt. Ltd.)** (ई.प.नं. ९८१/०६७/०६८) मा कार्यरत **विनोद कुमार तामाङ** (ना.प्र.प.नं. १४१०४५/९६५६२, उदयपुर) त्रियुगा-५, उदयपुर र **सलिना सापकोटा** (ना.प्र.प.नं. १२-०२-७८-०२१४२, बराहपोखरी) बराहपोखरी-१, खोटाङलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)**
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457,
Shankar ghatani -9845312486, Ozina Sangat -9828860764, Denisha Dahal -9813511839
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com
श्रम इजाजत नं. ९८१/०६७/०६८

प्रभाव दैनिक National Daily

## सम्पादकीय

[redacted]

# बाँदर नियन्त्रणमा आधुनिक प्रविधि र सामुदायिक प्रयास



❑ डा. डिल्लीराम शर्मा

"यदि सरकार, स्थानीय तह र किसानहरूले सोलार फेनसिङ, मोसन सेन्सर अलार्म, कम्युनिटी अलर्ट सिस्टमजस्ता आधुनिक प्रविधिहरूलाई विस्तार गर्दै लग्यो भने बाँदरबाट हुने क्षति उल्लेखनीय एवं दीर्घकालीनरूपमा घटाउन सकिन्छ । यसले कृषि उत्पादनमा स्थिरता आउन सक्छ । बाँदरबाट हुने कृषिबाली क्षति सम्बन्धमा किसान एक्लैलेमात्र यो समस्या समाधान गर्न गाह्रो हुने भएकाले र सदनमा बारम्बार आवाज उठाइराख्नुभन्दा स्थानीय सरकारलाई परिचालन गरी नीति, योजना, बजेट र समन्वयमार्फत दीर्घकालीन समाधान दिन सक्छ ।

नेपालमा धेरै ग्रामीण तथा वन क्षेत्र नजिकका गाउँहरूमा बाँदरको गतिविधिहरूको कारणबाट किसानहरू गम्भीर समस्याको रूपमा बाँधिएका देखिन्छन् । बाँदरहरू प्रायः बिहान र बेलुकीको समयमा समूहमा आएर मकै, फलफूल, तरकारी तथा अन्य पाक्न लागेका बालीहरूमा आक्रमण गरी ठूलो क्षति पुऱ्याउने गर्दछन् । यसबाट किसानहरूको उत्पादन घट्नुका साथै आर्थिक नोक्सानीसमेत हुने गरेको छ । यस समस्यालाई सम्बोधन गर्नका लागि विगत धेरै वर्षदेखि कृषकहरूले आवाज उठाइराखेका भएता पनि समाधानको ठोस उपाय अवलम्बन गर्न सकेका छैनन् । कृषकहरूको आवाजलाई जनप्रतिनिधिहरूलेसमेत संसद्मा समाधान गर्नका लागि विगत धेरै वर्षदेखि आवाज उठाइरहेको सुनिन्छ र अहिले पनि ती आवाजहरू उठिरहेका छन् । यद्यपि, बाँदरको गतिविधिहरूको समस्या जहाँको त्यही नै छ र यसलाई दिगोरूपले समाधान गर्नेतर्फ ध्यान जान सकेको छैन ।

त्यसैले किसानहरूले विशेषगरी बाली पाक्ने समयमा खेतबारी वरपर बाँदरको गतिविधिप्रति सजग रहनु अत्यन्त आवश्यक छ । गाउँका किसानहरूले एकआपसमा सूचना आदानप्रदान गरी बाँदर देखिनेबित्तिकै छिमेकीलाई खबर गर्ने, सिटी बजाउने, ड्रम वा टिन बजाउने, कराउने तथा समूहमा खेतबारी संरक्षण गर्ने अभ्यास अपनाउनुपर्दछ । साथै खेत वरिपरि चम्किने टेप, पुराना सिडी, टिनका डिब्बा, बाँसको मचान तथा स्थानीय कुकुरको प्रयोग गर्दा बाँदर भगाउन केही सहयोग पुग्छ । बाँदरहरू धेरै चलाख हुने भएकाले एउटै उपाय लामो समय प्रयोग गर्दा त्यसमा बानी पर्ने सम्भावना हुन्छ, त्यसैले समय-समयमा उपायहरू परिवर्तन गर्दै जानु आवश्यक हुन्छ । किसानबीच समयमै सूचना प्रवाह, सामूहिक सतर्कता तथा समुदायस्तरीय सहकार्यले बाँदरबाट हुने बाली क्षति उल्लेखनीयरूपमा कम गर्न सकिन्छ ।

धेरै किसानहरू वर्षौंदेखि बाँदरको आतंकका कारण ठूलो समस्यामा परेका छन् । बाँदरको आतंकका कारण बिहानदेखि बेलुकासम्म किसानहरू खेतबारी कुरेर बस्नुपर्ने अवस्था सिर्जना भएको थियो । कतिपय किसानले मिहेनत गरेर लगाएको बाली केही घण्टामै बाँदरको समूहले नष्ट गरिदिने हुँदा उनीहरू निराश र चिन्तित हुने गर्दछन् । तर पछिल्लो समय किसानहरूले सामूहिक प्रयास, स्थानीय उपाय तथा सचेतनाका माध्यमबाट बाँदरबाट हुने क्षति केही कम गर्न सफल भएका छन्, तर क्षति रोक्न सफल भएका छैनन् ।

गाउँका किसानहरूले अब एक्लाएक्लै नभई समूह बनाएर खेतबारी संरक्षण गर्न जरुरी देखिन्छ । बाँदर देखिनेबित्तिकै किसानहरूले सिटी बजाउने, टिनका डिब्बा ठटाउने, ड्रम बजाउने तथा कराउनेजस्ता उपाय अपनाउने परिपाटी बसाल्न जरुरी छ ।

किसानहरूले अब खेती प्रणालीमा पनि परिवर्तन गर्न जरुरी रहेको छ । बाँदरले धेरै मन पराउने मकै तथा फलफूलको वरिपरि अदुवा, बेसार, खुर्सानी, लसुनजस्ता बाली लगाउन थालेपछि बाँदरको आकर्षण कम भएर जाने सम्भावना रहन्छ र यस उपायलाई आ-आफ्नो क्षेत्रमा प्रयोग गरेर सिकाइ गर्न सकिन्छ । साथै बाली पाकेपछि लामो समय खेतमा नराखी समयमै भित्र्याउने बानीले पनि क्षति घटाएको छ । गाउँहरूमा सामुदायिक सूचना प्रणालीलाई प्रयोगमा ल्याउन सके, बाँदर देखिनेबित्तिकै मोबाइलमार्फत एक अर्कालाई खबर गरेर सबै किसानलाई सचेत गराउन सकिन्छ ।

यद्यपि, दीर्घकालीन समाधानका लागि सरकारको भूमिका अझै महत्त्वपूर्ण रहेको छ । सरकारले वन क्षेत्र तथा सार्वजनिक सरकारी जमिनमा समयअनुसारका र हावापानी सुहाउँदो फलफूलका बिरुवा रोप्ने योजना बनाउन आवश्यक छ, जसले बाँदरका लागि प्राकृतिक भोजन स्रोत उपलब्ध गराउने छ । यसले बाँदरलाई खेतबारीतर्फ आकर्षित हुनबाट घटाउनेमात्र होइन, वन्यजन्तु संरक्षणमा पनि सहयोग पुऱ्याउने छ । यस्तो 'फलफूल वन' वा 'फिडिङ जोन' विकासले मानव-वन्यजन्तु द्वन्द्व कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

यसरी सरकार, समुदाय र किसानको संयुक्त प्रयासबाट बाँदरको समस्या व्यवस्थापन गर्दै कृषिबाली संरक्षण गर्न सकिन्छ, जसले किसानहरूको जीवनस्तर सुधार गर्न र दिगो कृषि विकासमा ठूलो योगदान पुऱ्याउने छ । जबसम्म सरकारको तर्फबाट प्रतिबद्धतासहितको योजना कार्यान्वयनमा आउँदैन तबसम्म दीर्घकालीन समाधान गर्न सकिँदैन । किसानहरूका लागि बाँदरबाट हुने बाली क्षति कम गर्न केही नयाँ र आधुनिक प्रविधिका उपायहरू पनि प्रयोग गर्न सकिने देखिएको छ । परम्परागत विधिहरू जस्तैः सामूहिक निगरानी, टिन बजाउने वा कुकुर प्रयोगसँगै अब आधुनिक प्रविधिमा आधारित समाधानहरूले अझ प्रभावकारी परिणाम दिन सक्छन्, जसले किसानहरूको उत्पादन सुरक्षा र आयमा सुधार ल्याउन मद्दत हुन सक्छ ।

सबैभन्दा उपयोगी नयाँ प्रविधिमध्ये एक हो मोसन सेन्सर अलार्म प्रणाली, यो प्रणाली खेतमा राख्दा कुनै जनावरजस्तै बाँदर प्रवेश गरेपछि स्वतः आवाज, बत्ती वा साइरन बज्छ । यसले बाँदरलाई तुरुन्तै तर्साएर भगाउँछ र किसानलाई पनि मोबाइलमार्फत सूचना दिन सक्छ । यस्ता प्रणालीहरू सौर्य ऊर्जाबाट चल्ने भएकाले बिजुली नभएका ग्रामीण क्षेत्रमा पनि सजिलै प्रयोग गर्न सकिन्छ । यस्ता उपकरणहरू स्थानीय सरकारबाट आ-आफ्नो बाँदरप्रभावित क्षेत्रमा विस्तार गर्न सके कृषकहरूलाई ठूलै राहत हुने थियो ।

त्यस्तै सोलार पावरयुक्त इलेक्ट्रिक फेनसिङ (कम भोल्टेजको) पनि प्रभावकारी आधुनिक उपाय जडान गर्न सकिन्छ । यसले बाँदरलाई हानि नगरी हल्का झट्का दिएर खेतमा प्रवेश गर्नबाट रोक्छ । विशेषगरी मकै, चना, तरकारी र फलफूल बगैंचामा यो प्रविधि धेरै उपयोगी भएको छ । यस्ता उपायहरू जडान गर्नका लागि किसानहरूको समूह र स्थानीय सरकार मिलेर सहकार्यमा फेनसिङ लगाउने उपाय खोज्न जरुरी छ ।

अर्को नयाँ उपाय हो, ड्रोन निगरानी । जसमा केही विकसित कृषि क्षेत्रमा ड्रोन प्रयोग गरेर खेतबारी र वन क्षेत्रको निगरानी गर्न सकिन्छ । बाँदरको समूह कहाँबाट आउँदै छ भन्ने पहिचान गरेर किसानलाई पहिले नै सचेत गराउन सकिन्छ । यो प्रविधि भविष्यमा सहकारी वा स्थानीय तहमार्फत प्रयोग गर्न सकिने सम्भावना छ ।

त्यस्तै एआई आधारित वन्यजन्तु ट्र्यापिङ गर्ने क्यामरा पनि प्रयोग हुन थालेका छन् । यी क्यामराले बाँदरको गतिविधि र आवतजावतको समय विश्लेषण गरी किसानलाई सूचना दिन सक्छन् । यसले कुन समयमा खेत जोखिममा छ भन्ने पूर्वानुमान गर्न सहयोग गर्छ । जसबाट बाँदरको प्रवेशलाई समयमै पहिचान गरी नियन्त्रण गर्न सकिन्छ ।

केही ठाउँमा मोबाइलमा अलर्ट आउने 'कम्युनिटी अलर्ट सिस्टम' ह्वाट्सएपमार्फत पनि उपयोगी देखिएको छ, जहाँ कुनै किसानले बाँदर देखेपछि तुरुन्तै सबैलाई सूचना दिन सक्छ । यसले सामूहिक लखेट्ने प्रणालीलाई अझ प्रभावकारी बनाएको छ ।

यसरी आधुनिक प्रविधिहरूलाई परम्परागत उपायसँग जोड्दा बालीलाई संरक्षण गर्न सकिन्छ । विशेषगरी सोलार फेनसिङ, मोसन सेन्सर अलार्म र कम्युनिटी अलर्ट सिस्टमजस्ता उपायहरू नेपालको ग्रामीण भौगोलिक अवस्थाअनुसार व्यावहारिक र दीर्घकालीन समाधानका रूपमा जडान गर्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा, यदि सरकार, स्थानीय तह र किसानहरूले यी आधुनिक प्रविधिहरूलाई विस्तार गर्दै लग्यो भने बाँदरबाट हुने क्षति उल्लेखनीय एवं दीर्घकालीनरूपमा घटाउन सकिन्छ । यसले कृषि उत्पादनमा स्थिरता आउन सक्छ । बाँदरबाट हुने कृषिबाली क्षति सम्बन्धमा किसान एक्लैलेमात्र यो समस्या समाधान गर्न गाह्रो हुने भएकाले र सदनमा बारम्बार आवाज उठाइराख्नुभन्दा स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) लाई परिचालन गरी नीति, योजना, बजेट र समन्वयमार्फत दीर्घकालीन समाधान दिन सक्छ ।

सबैभन्दा पहिले, स्थानीय सरकारले 'मानव-बाँदर द्वन्द्व व्यवस्थापन योजना' बनाउनुपर्ने हुन्छ, जसमा जोखिम क्षेत्र पहिचान, क्षति बढी हुने बालीहरूको नक्सांकन र समाधान रणनीति समावेश गर्नुपर्ने हुन्छ । यसले कुन वडामा बढी समस्या छ भन्ने स्पष्ट चित्र दिन्छ । दोस्रो, स्थानीय सरकारले सामुदायिकस्तरमा बाली सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्छ । उदाहरणका लागि, सामूहिक पहरेदारी, किसान समूह गठन र बाली पाक्ने समयमा विशेष निगरानी प्रणालीलाई संस्थागतरूपमा सहयोग गर्न सकिन्छ । यसले किसानको व्यक्तिगत भार घटाउँछ ।

तेस्रो, प्रविधि विस्तारमा स्थानीय सरकारको ठूलो भूमिका हुन्छ । उनीहरूले विशेषगरी सोलार फेनसिङ, मोसन सेन्सर अलार्म र कम्युनिटी अलर्ट सिस्टमजस्ता आधुनिक प्रविधिमा अनुदान वा सहुलियत प्रदान गर्न सक्छन् । यस्ता प्रविधि महँगो हुने भएकाले सरकारी सहयोगविना सबै किसानले प्रयोग गर्न कठिन हुन्छ ।

चौथो, स्थानीय सरकारले वन कार्यालय र राष्ट्रिय निकुञ्जसँग समन्वय गरेर बाँदरको प्राकृतिक बासस्थान व्यवस्थापन गर्न सक्छ । वन क्षेत्रमा फलफूलका बिरुवा रोप्ने, पानी स्रोत सुधार गर्ने र 'बफर फिडिङ जोन' विकास गर्ने योजना बनाउन सकिन्छ, जसले बाँदरलाई खेतबारीतर्फ आकर्षित हुनबाट कम गर्छ ।

पाँचौं, स्थानीय तहले किसान सचेतना तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्दछ । बाँदर नियन्त्रणका प्रभावकारी तरिका, बाली सुरक्षा प्रविधि र सामुदायिक सहकार्यबारे नियमित प्रशिक्षण दिँदा किसान अझ सक्षम हुन्छन् । छैटौं, स्थानीय सरकारले क्षति मूल्यांकन र क्षतिपूर्ति प्रणाली प्रभावकारी बनाउन सक्छ । बाँदरबाट क्षति भएको बालीको द्रुत मूल्यांकन र उचित क्षतिपूर्ति हुँदा किसानमा राहत र भरोसा बढ्छ ।

अन्त्यमा, स्थानीय सरकारले विद्यालय, समुदाय र युवा समूहलाई परिचालन गरी सामाजिक सचेतना अभियान सञ्चालन गर्न सक्छ, जसले बाँदरलाई अनावश्यकरूपमा खुवाउने अभ्यास रोक्न मद्दत गर्छ ।

यसरी कृषकहरूलाई साँच्चै सहयोग गर्ने इच्छा भएमा सदनमा भनिराख्नु (विगत १० वर्षदेखि सुनिँदै आएको) भन्दा स्थानीय सरकारसँग समन्वय गरेर नीति निर्माण, प्रविधि सहयोग, सामुदायिक परिचालन र वन-कृषि समन्वयमार्फत कार्यक्रम तय गरी स्थानीय सरकारको सक्रिय भूमिकालाई कृषकमुखी बनाई बाँदरबाट हुने कृषि क्षति उल्लेखनीयरूपमा घटाउन सकिन्छ । यसबाट किसानहरूको जीवनस्तर सुधार गर्न ठूलो योगदान पुग्ने छ ।

*(लेखक कृषि विभागका पूर्वमहानिर्देशक हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।

## पाठक मञ्च

# सस्तोमा घरजग्गा किन्दा फसिएला है...

सामाजिक सञ्जाल, पत्रपत्रिकालगायतमा घरजग्गा एकदमै सस्तो मूल्यमा बेचबिखनका खबरहरू देखिन्छन् । घरजग्गा व्यवसायी तथा दलालहरू पनि घरजग्गाको मूल्य निकै घटेको बताउँछन् । पाँच वर्षअघि ठाउँअनुसार आनाको २५ लाखदेखि २० करोड रूपैयाँसम्ममा किनमेल भएको जग्गा अहिले त्यसको आधाभन्दा कम मूल्यमासमेत नबिक्ने बताइन्छ ।

घरजग्गाको मूल्य भूमाफियाहरूले कृत्रिमरूपमा बढाएका थिए । रोपनीको पाँच-दश हजारमा खेतीयोग्य जमिन किनेर उनीहरूले डोजर चलाए । र, टुक्राटुक्रा पारेर आनाकै लाखौं-करोडौंमा बेचे । एक रोपनीमा १६ आना जग्गा हुन्छ । खेतीयोग्य जमिन त सिध्याए नै सँगै सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, मठमन्दिरलगायतको जग्गासमेत दर्ता गरेर लगे ।

राजकुलो, कुवा, पोखरी, ताल, राजपरिवार, पाटीपौवा, चौतारी, इनार, खोलानालासमेत उनीहरूले छाडेनन् । घरजग्गाको मूल्य घट्नुमा थुप्रै कारण छन् । कृत्रिम मूल्य त भइहाल्यो, मूल्य घट्नुमा कर्जा नउठ्नु पनि कारण हो । ९५ प्रतिशत सर्वसाधारणले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर घरजग्गामा लगानी गरेका छन् । एकै जनाले करोडौं कर्जा लिएका छन् । यहाँ एउटै व्यक्तिले दुईदेखि ६८ वटासम्म घर रहेको पाइन्छ । जग्गा पनि उत्तिकै ।

मानिसहरूले ऋण लिईलिई घरजग्गामा लगानी गरे । तर, बूढापाकाले ऋण भनेको घिन हो, रुखमुनिको बाली कहिल्यै फल्दैन, ऋण लिने मान्छे कहिले उभो लाग्दैन भनेझैं भयो । चाँडो नाफा कमाउन मानिसहरूले धमाधम ऋण लिँदै घरजग्गा त किने वा बनाए । बैंक, वित्तीय संस्थाले पनि घूस खाएर यो क्षेत्रमा आँखा चिम्लेर लगानी गऱ्यो । अहिले तिनै सर्वसाधारण र बैंक, वित्तीय संस्था भाग्नुपर्ने अवस्थामा पुगेका छन् ।

ऋण तिर्न नसकेपछि अधिकांश मानिसहरूले हात उठाइसके । तर, बैंकले पनि कति जनाको घरजग्गा लिलाम गर्ने ? लिलाम गरिएका घरजग्गा फेरि कसले किन्ने ? बैंकले आधाभन्दा बढी कर्जा घरजग्गामा लगानी गरेको छ । ती सबैजसो ऋणले हात उठाइसके । धितो लिलाम गर, ऋण मिनाहा गर भन्न थालेका छन् । यद्यपि, घरजग्गाको मूल्यमा पहिलेभन्दा निकै गिरावट आइसकेको छ ।

करोडौंको घरजग्गामा लाखमा झरिसक्यो । अझै मूल्य घट्ने देखिन्छ । अर्कोतर्फ, घरजग्गा किनबेच पनि ठप्प छ । बजारमा घरजग्गा बेच्न हिँडेका मान्छे त थुप्रै पाइन्छन्, किन्ने कोही छैनन् । यसले बैंक, वित्तीय संस्थाले लिलाम गरिएका घरजग्गाबाट ऋण उठ्ने अवस्था छैन । ऋण नउठ्नु भनेको बैंक डुब्नु हो भने बैंक डुब्नु बचतकर्ता डुब्नुसरह हो ।

सरकारले सार्वजनिक जग्गामा बनेका संरचना धमाधम हटाउँदै छ । यसरी हटाउन थालेसँगै सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेकाहरूको होसहवास उडेको छ । सार्वजनिक जग्गा खाली गराउने सरकारको अभियानसँगै मानिसहरूले त्यस्ता जग्गामा बनेका आफ्ना घर, भवनलगायत संरचना सस्तोमा बेच्न कस्सिएका छन् । त्यसैले, आमनागरिक सचेत होऔं । सस्तोमा पाइयो भनेर नकिनौं, फेरि फसिएला । सरकारले पनि जनतालाई सचेत गराउनु जरुरी छ ।

**- रूषा थापा**
भक्तपुर



**सेवाग्राहीको घुइँचो** | जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुधबार आएका सेवाग्राहीको घुइँचो । *तस्बिर: रासस*

# क्यान्सर अस्पतालमा औषधि अभाव

**चितवन–** क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ । विश्वव्यापीरूपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन् ।

अस्पतालको मेडिकल अंकोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्त्वपूर्ण औषधिहरूको अभाव देखिएको छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उनले बताए । उनले भने, 'औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्नेमात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ ।'

हाल विशेषतः कार्बोप्लाटिन र सिसप्लाटिन भन्ने औषधिको अभाव देखिएको डा. साहले बताए । यो अभाव नेपालमामात्र नभई विश्वव्यापीरूपमै रहेको उनको भनाइ छ । उनले भने, 'यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो । निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ ।'

यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भने, 'यी औषधिविना केमोथेरापीको रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ ।' यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उनले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिए ।

कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उनले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताए । डा. साहले भने, 'सबैभन्दा ठूलो जोखिम तापक्रमको छ; क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ । तर, चितवनजस्तो गर्मी ठाउँमा ३६-३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुऱ्याउन सक्छ ।'

अस्पतालमा डे-केयर र वार्ड गरी दैनिक झण्डै २०० जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उनले कार्बोप्लाटिन र सिसप्लाटिनजस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताए । उनले भने, 'औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ ।'

उनले धेरैजसो औषधिहरू अस्पतालमा बिमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उनको भनाइ छ । डा. साहले भने, 'यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ ।' औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उनको माग छ ।

अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिनाअघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भए पनि त्यसपछि नरहेको जानकारी दिए । डा. पौडेलले भने, 'कार्बोप्लाटिन जेठ २ गतेसम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि अहिले सकिएको छ ।' आफूहरूले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरूलाई पठाएको उनको भनाइ छ ।

हाल अर्को बंगलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि दुई/तीन महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उनले गरे । अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले कार्बोप्लाटिन र सिसप्लाटिन आफूहरूकहाँ नरहेको बताए । उनले यसबारेमा स्वास्थ्य मन्त्रालय जानकारी गराएको बताउँदै विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) लाई पनि पठाइदिन आग्रह गर्दै पत्राचार गरिएको बताए । *रासस*

# गर्मीले कक्षामा बस्नै गाह्रो, विद्यार्थी बेहोस हुन थाले

■ दुर्गा देवकोटा



**टीकापुर (कैलाली)–** कैलालीमा गर्मी बढेकाले विद्यार्थीहरू कक्षा कोठामै बेहोस हुन थालेका छन् । कैलालीको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको हुँदा सोमबार टीकापुरस्थित कर्णाली माविमा अध्ययनरत चार विद्यार्थी बेहोस् भएपछि आराम कक्षमा राखेर उपचार गरिएको थियो ।

मंगलबार पनि दुई किशोरी बिरामी परेका कर्णाली माविका प्रधानाध्यापक धर्मराज शर्माले बताए । गर्मीले बालबालिका र शिक्षकलाई पठनपाठन गर्न कठिन भएको छ । 'गर्मी बढेपछि विद्यालयमा बिहानको प्रार्थना बन्द गरिएको छ,' उनी भन्छन्, 'एउटै कक्षामा सयौं विद्यार्थी छन् । गर्मीले दैनिकरूपमा विद्यार्थी बिरामी हुन थालेपछि बिरामीलाई आराम कक्षमा आराम गराएर घर पुऱ्याउने गरिएको छ ।'

गर्मी बढेपछि दिउँसोको समयमा विद्यार्थीलाई अध्ययनमासमेत समस्या हुन थालेको छ । टीकापुरका कतिपय विद्यालयमा एउटै कक्षामा धेरै विद्यार्थी संख्या हुने तर पंखा थोरै हुँदा गर्मीमा अध्ययनमा समस्या हुन थालेको उनीहरू बताउँछन् । गर्मीका समयमा विद्युत् अनियमित हुँदा विद्यार्थीलाई बढी समस्या हुने गरेको छ ।

कैलालीको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका न्याय मौसम विज्ञान सहायक वीरेन्दप्रसाद कुशवाहका अनुसार सोमबार कैलालीको तापक्रम ४१.४ डिग्री सेल्सियस मापन भएको थियो भने आइतबार ४० डिग्री सेल्सियस पुगेको थियो ।

तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेपछि पठनपाठन प्रभावित हुन थालेको छ । खड्ग स्मृति माविका अमित परियार एउटै कक्षामा विद्यार्थी संख्या ८० जनाभन्दा माथि भएकाले अध्ययनमा समस्या भइरहेको, विद्यार्थी बिरामी हुने, बेहोस हुनेजस्ता समस्या भएको बताउँछन् । 'कतिपय साथी गर्मी सहन नसकेर बीचमै पढाइ छोडेर घर जाने गरेका छन्,' उनी भन्छन्, 'टाउको दुख्यो, चक्कर आयो भन्ने साथी बढेका छन् ।'

राष्ट्रिय मावि मनिकापुरकी अनुष्का चौधरी एउटै कक्षामा धेरै विद्यार्थी, पंखाको संख्या कम भएको, बत्ती जाँदा अझै कठिन हुने गरेको बताउँछिन् । 'बत्ती गएका बेला असिनपसिन भइन्छ,' उनी भन्छिन्, 'केही वर्षअघि यस्तो सहनै नसकिने गर्मी हुँदैनथ्यो । एक सातायता गर्मी सहन नसकिने भएको छ ।'

त्रिभुवन माविकी विद्यार्थी सञ्जिता चौधरी विद्यालयका पंखा गतिला नभएकाले गर्मीमा समस्या हुने गरेको बताउँछिन् । 'पंखा छन् तर राम्रो हावा दिने खालका छैनन्,' उनी भन्छिन्, 'बिजुली अनियमित हुँदा कठिन हुन्छ ।'

कालिका आधारभूत विद्यालयकी विद्यार्थी अनुष्का विकले कक्षामा तीन पंखा भए पनि दुई वटामात्र राम्ररी चल्ने, बिजुली गएका बेला पंखाविनै बस्नुपर्दा अध्ययनमा समस्या हुने गरेको बताइन् । जनज्योति आधार भूत विद्यालयकी मिस्टिना सञ्ज्याल कक्षाकोठामा भएका चार पंखामा दुईमात्र चल्दा विद्यार्थीलाई गर्मीले समस्या हुने गरेको बताउँछिन् । 'दुई पंखा बिग्रिएका छन्, तीनको मर्मत गरिएको छैन,' उनले भनिन्, 'विद्यार्थीलाई दिउँसो १२ बजेपछि गर्मी सहन गाह्रो भएको छ । विद्यालयमा चिसो पानीको सुविधा पनि छैन ।'

यहाँ धेरै विद्यालय दिउँसो सञ्चालनमा छन् । जेठको अत्यधिक गर्मीका बेला पनि यहाँ बिहानी कक्षा सञ्चालन गरिएको छैन । दिउँसो बालबालिकालाई गर्मीले सताउने गरेको अभिभावकको पनि गुनासो छ । यहाँका केही विद्यालयमा टिनका छाना छन् । अझ बिजुली गएका बेला बस्नै कठिन छ ।

विद्यालयले चाहेअनुसार बिहान वा दिउँसो कक्षा सञ्चालन गर्न सक्ने टीकापुर नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थी बताउँछन् । 'अभिभावक, विद्यार्थीबाट गुनासो आएको छ । विद्यालय बन्द गर्दा कोर्स पूरा नहुने चिन्ता पनि छ,' उनी भन्छन्, 'विद्यालयमा पंखालगायतका समस्या विद्यालयले व्यवस्थापन गर्नुपर्ने, समस्या भए पालिकाले सघाउँछ । कक्षा सञ्चालनका लागि विद्यालयले अवस्थाअनुसार बिहान वा दिउँसो कक्षा सञ्चालन गर्न सकिन्छ ।'

कैलालीमा केही दिनअघि पनि तालिमका क्रममा सशस्त्र प्रहरी बलका जवान 'हिट स्ट्रोक'का कारण बेहोस भएका थिए । उनीहरूको अहिले काठमाडौंमा उपचार भइरहेको छ । *रासस*

## राहदानी हरायो

मिति २०८३/०१/०१ गते काठमाडौं, सितापाइलाबाट स्वयम्भू जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **विनोद घिमिरे**
राहदानी नं : **१०७६२७७७**
ठेगाना : **काठमाडौं**
फोन नं : **९८४६३१५२४१**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ३० जेठ ९ गते २०८३ मा प्रकाशित **Hit Overseas Employment Pvt. Ltd** को विज्ञापनमा Lot No. 342444 को Al Adrak Trading And Contracting Llc कम्पनीको अन्तर्वार्ता मिति : (31st May, 2026) २०८३ जेठ १७ को अन्तर्वाता स्थान बाँके जिल्ला, नेपालगञ्ज, आइकनिक मल्टिपल ट्रेनिङ सेन्टर हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 9851056401 E-mail : bhubanpun@gmail.com

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको
## सूचना

**प्रकाशित मिति : २०८३/०२/१४**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था **Shuvam Overseas Employment Pvt. Ltd.** (ई.प.नं. 497/061/062) को सञ्चालक र शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा. खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०२/१३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल:**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. चाम प्रसाद गुरूङ - ३०००० कित्ता | १. चाम प्रसाद गुरूङ - ९००० कित्ता<br>२. विक्रम खतिवडा - २१००० कित्ता |


## मलेसियामा रोजगार
कम्पनी : Thong Seng Security Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 332811 | चलानी नं. ६०२४६४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1700 | ६५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २० गते (3th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## मलेसियामा रोजगार
कम्पनी : Lee Kwee Foh Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 336442 | चलानी नं. ६०२४९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 15 | 0 | 1700 | ६५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २० गते (3th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANPOWER AGENCY NEPAL PVT.LTD.
Govt. License 1618/079/80
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: (Aita Bahadur Tamang)9851068111

## साउदीमा रोजगार
कम्पनी : ANWAR ALI HAMID AL MASBAH AUTO MAINTENANCE WORKSHOP ESTABLISHMENT.

पूर्व स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 342726 | चलानी नं. ६०२५६०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1200 | ४८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २१ गते (4th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

## साउदीमा रोजगार
कम्पनी : SULTAN HABALIS BIN SHAOUF AL OTAIBI TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 342721 | चलानी नं. ६०२५६०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ७३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २१ गते (4th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826, 4359552, Yam Bahadur Gurung : 9801025426
श्रम इजाजत नं. ७९८/०६५/०६६

## मलेसियामा रोजगार
कम्पनी : SIERRA ALFA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 326357 | चलानी नं. ६०२४०२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1700 | ६५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २१ गते (4th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

## बहराइन/कतारमा रोजगार
कम्पनी : SEA AIR INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 342746 | चलानी नं. ६०२५६०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Assistant | 0 | 1 | 120 | ४८,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Assistant | 0 | 1 | 120 | ४८,७८२ | | | | | | | |

कम्पनी : GULF SHIELD CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 342695 | चलानी नं. ६०२५६०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Brick Mason | 4 | 0 | 1100 | ४६,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painter Assistant | 2 | 0 | 1100 | ४६,२५२ | | | | | | | |
| 3. | Building Painters | 3 | 0 | 1100 | ४६,२५२ | | | | | | | |
| 4. | Ceramic Worker | 3 | 0 | 1100 | ४६,२५२ | | | | | | | |
| 5. | Concrete Builder Assistant | 4 | 0 | 1100 | ४६,२५२ | | | | | | | |
| 6. | Material Handler | 4 | 0 | 1100 | ४६,२५२ | | | | | | | |
| 7. | Plaster Worker (Mason) | 3 | 0 | 1100 | ४६,२५२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २१ गते (4th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

## कतारमा रोजगार
कम्पनी : QATAR ENGINEERING & CONSTRUCTION COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८३/०२/०२ | LT. No. 341946 | चलानी नं. ६०२५५५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Architect Tech | 10 | 0 | 1100 | ४६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1100 | ४६,१७५ | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1400 | ५८,७६० | | | | | | | |
| 4 | Driver/operator, Forklift | 3 | 0 | 1600 | ६७,१५० | | | | | | | |
| 5 | Equipment Operator, Drilling Well | 2 | 0 | 1900 | ७९,७४५ | | | | | | | |
| 6 | Foreman | 7 | 0 | 2500 | १०४,९२५ | | | | | | | |
| 7 | Heavy Equipment Driver. | 5 | 0 | 1900 | ७९,७४५ | | | | | | | |
| 8 | Iron Work Helper | 5 | 0 | 1100 | ४६,१७५ | | | | | | | |
| 9 | Labour | 20 | 0 | 1000 | ४१,९७० | | | | | | | |
| 10 | Operator, Machine, Ordnance | 8 | 0 | 1900 | ७९,७४५ | | | | | | | |
| 11 | Painter Buildings | 5 | 0 | 1100 | ४६,१७५ | | | | | | | |
| 12 | Reinforce Fitters | 5 | 0 | 1100 | ४६,१७५ | | | | | | | |
| 13 | Safety & Health Tech | 10 | 0 | 1250 | ५२,४६५ | | | | | | | |
| 14 | Safety & Health Technician | 5 | 0 | 1250 | ५२,४६५ | | | | | | | |
| 15 | Structural Steel | 5 | 0 | 1100 | ४६,१७५ | | | | | | | |
| 16 | Technician | 25 | 0 | 1100 | ४६,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Seagull International Technical Training Center-Pragati Tole Jyoti Nagar Rd, Budhanilkantha काठमाडौंमा मिति २०८३ जेठ २६ गते (9th June 2026) मा हुनेछ ।
BTCC International Scaffolding- Itahari 06, Dharan Road धरान, सुनसरीमा मिति २०८३ जेठ २८ गते (11th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel:01-4375822/4375824, Mob:9841781155, 9808818851,
9851015421,9816060051, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np

# प्रभाव दैनिक


रूपशाला

**गजुरीमा 'सुझबुझ' नाटक मञ्चन**

धादिङको गजुरी गाउँपालिकामा नाटक 'सुझबुझ' मञ्चन गरिएको छ। गजुरी गाउँपालिका धादिङको आयोजना तथा नाट्य संस्था 'आदि इत्यादि' को प्रस्तुतिमा मञ्चन मंगलबार (जेठ १२) मा मञ्चन भएको हो। नाटकको लेखन तथा निर्देशन रङ्गकर्मी पुरू लम्साल हुन्। वर्तमान नेपाली समाजमा देखिँदै गएका जल्दा बल्दा र संवेदनशील समस्याहरूलाई समेटेर तयार पारिएको यस नाटकमा दिवाकर घिमिरे, दीपमाला परियार, सागर कार्की, सोविता अधिकारी, अन्जु खड्का र रूविन सुनारको अभिनय रहेको थियो।




बिहीबार, १४ जेठ २०८३ (Thursday, 28 May 2026)


# 'चलचित्र विधेयकलाई समयसापेक्ष र बलियो बनाउन सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा सञ्चारमन्त्री डा बिक्रम तिमिल्सिनाले राष्ट्रियसभाबाट प्रतिनिधिसभामा आएको चलचित्र विधेयक २०८२ लाई समयसापेक्ष, आधुनिक र चलचित्र क्षेत्रलाई उकास्ने खालको बनाउन सरकार गम्भीर रहेको बताएका छन्।

प्रतिनिधिसभाको बुधबार बैठकमा चलचित्र विधेयकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले विधेयकको मर्म र उद्देश्यलाई ध्यानमा राख्दै सांसदहरूले दिएका सुझावलाई रचनात्मक रूपमा ग्रहण गर्ने बताए।

उनले चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्तित्वसँग आफूले निरन्तर छलफल गरेर सुझाव लिँदै आएको उल्लेख गर्दै विधेयकमा समेटिनुपर्ने विषय, चलचित्र क्षेत्रको वर्तमान आवश्यकता, सरकारप्रतिको अपेक्षा तथा कानुनी सुधारका पक्षबारे सरकार सजक रहेको बताए। 'यो विधेयक अहिलेको समयअनुसार भयो कि भएन ? चलचित्र क्षेत्रले के खोजिरहेको छ ? र सरकारसँग के अपेक्षा गरेको छ भन्ने विषयलाई गम्भीर रूपमा लिएका छौँ', उनले भने।



सञ्चारमन्त्री तिमिल्सिनाले लामो समयपछि चलचित्र क्षेत्र कानुनी सुधारको प्रक्रियामा प्रवेश गरेको उल्लेख गर्दै संसदीय समितिहरूमा विज्ञहरूको सुझावलाई समेटेर विधेयकलाई थप परिमार्जित बनाउनुपर्ने धारणा व्यक्त गरे।

उनले चलचित्रसम्बन्धी परिभाषादेखि संरचनागत र व्यवस्थापकीय विषयसम्म आएका सुझावलाई मन्त्रालयले अध्ययन गर्ने जानकारी दिँदै आवश्यक संशोधन र सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताए। संसद्मा उठेका सबै विषयलाई गम्भीरतापूर्वक लिएर आवश्यक प्रक्रियामार्फत विधेयकलाई बलियो बनाउने प्रतिबद्धतासमेत उनले व्यक्त गरे।

संसद्बाट प्राप्त सुझाव र प्रतिक्रियाले विधेयकलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास पनि सञ्चारमन्त्री तिमिल्सिनाले व्यक्त गरे। प्रतिनिधिसभाको बुधबारको बैठकले 'राष्ट्रियसभामा उत्पत्ति भएको चलचित्र विधेयक २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ।

# 'म्यान अफ द वर्ल्ड २०२६' का लागि फिलिपिन्स उडे प्रकाश



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'म्यान अफ द वर्ल्ड नेपाल २०२५' विजेता प्रकाश चौहान प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरुष सौन्दर्य प्रतियोगिता 'म्यान अफ द वर्ल्ड २०२६' मा नेपालको प्रतिनिधित्व गर्न बुधबार फिलिपिन्स प्रस्थान गरेका छन्। प्रतियोगिता जुन २८ देखि जुलाई ६ सम्म फिलिपिन्समा आयोजना हुँदैछ, जहाँ विश्वका ३५ भन्दा बढी देशका प्रतिनिधिहरू सहभागी हुनेछन्। यस प्रतियोगितामा चौहान नेपालका एकमात्र प्रतिनिधि हुन्।

चौहानले 'मिस्टर नेपाल २०२५' अन्तर्गत प्रदान गरिने तीन प्रमुख उपाधिमध्ये 'म्यान अफ द वर्ल्ड नेपाल २०२५' उपाधि जित्दै यो अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका हुन्।

उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मिस्टर नेपालका सीईओ तथा 'म्यान अफ द वर्ल्ड' नेपालका नेशनल डाइरेक्टर रवि धमला, 'मिस्टर नेपाल वर्ल्ड २०२५' हिमाञ्चल राज केसी, 'मिस्टर ग्लोबल नेपाल २०२५' गिरीश रत्न शाक्य, सन्तोष लोक्षुम, आयुष दुलाललगायतका व्यक्तित्वहरूले विजयी शुभकामना सहित बिदाइ गरेका थिए।

फिलिपिन्स प्रस्थानअघि चौहानले आफू प्रतियोगितामा सहभागी हुन मात्र नभई नेपालको कला, संस्कृति, पर्यटन तथा पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्य लिएर जाने बताए। उनले भने, 'यो प्रतियोगिता केवल प्रतिस्पर्धा मात्र होइन, विभिन्न देशका प्रतिनिधिहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर पनि हो। म नेपालको हिमाल, भगवान बुद्धको जन्मभूमि तथा नेपाली संस्कृतिबारे विश्वसामु परिचित गराउँदै नेपाल भ्रमणका लागि आमन्त्रण गर्नेछु।' प्रस्थानअघि सामाजिक सञ्जालमार्फत केही तस्बिर सार्वजनिक गर्दै चौहानले लेखेका छन्, 'नेपाल विश्व मञ्चमा चम्किन तयार छ।'

# 'पारस'मा नेपाल आइडल सज्जाले गाइन् गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** एक्सन निर्देशकको पहिचान बनाएकी कृषा चौलागाईंको तेस्रो निर्देशकीय चलचित्र 'पारस' को गीत रेकर्डिङ कार्य सुरु भएको छ। केपी फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको यस चलचित्रको पहिलो गीतका लागि गायन रियालिटी शो 'नेपाल आइडल सिजन ३' की विजेता सज्जा चौलागाईंले स्वर दिएकी छन्। उक्त गीतमा संगीतकार तथा गायक कोशिस क्षेत्रीको शब्द र संगीत रहेको छ। आफ्ना चलचित्रमा व्यावसायिक र स्तरीय गीत संगीत समावेश गर्न रुचाउने निर्देशक चौलागाईं हाल गीतलाई उत्कृष्ट बनाउने काममा व्यस्त छिन्।



एक्सन तथा सामाजिक कथावस्तुमा आधारित रहने यस चलचित्रमा अभिनेता निखिल उप्रेती, अभिनेत्री जसिता गुरुङ,सुशील श्रेष्ठ, प्रियंका कार्की र निरुता सिंह लगायतको मुख्य भूमिकामा रहने छ। उल्लेखित सबै कलाकारहरूसँग निर्माण पक्षले सम्झौता गरिसकेको छ। घोषणाको समयदेखि नै चर्चामा रहेको यस चलचित्रमा नाम चलेका स्थापित कलाकारहरू एकपछि अर्को गर्दै जोडिएपछि सिने क्षेत्रमा यसको उत्सुकता थप बढेको छ।

चलचित्रको पटकथा भारतीय लेखक सचिन लादियाले तयार पारेका हुन् भने यसको छायांकनको जिम्मेवारी पुरुषोत्तम प्रधानले पाएका छन्। निर्माण टिमले हालसम्म अन्य प्राविधिक तथा बाँकी कलाकारहरूको नाम गोप्य नै राखेको छ। गीत रेकर्डिङको काम अगाडि बढेसँगै निर्माण पक्षले चलचित्रलाई छिट्टै छायांकनमा लैजाने तयारी थालेको छ।

## रंगशाला

# पूजाको शानदार अर्धशतकको मद्दतले चीनमाथि नेपालको जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला टोलीले एशियन गेम्स महिला छनोटअन्तर्गत चीनमाथि १९ रनको शानदार जित हात पारेको छ।

मलेसियाको बायुमास ओभल क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले दिएको १२६ रनको लक्ष्य पछ्याएको चीन निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १०६ रनमा समेटियो।

चीनको लागि मिङ्युए झुले सर्वाधिक ३० रन बनाइन्। त्यस्तै वाङ हुईयिङले २१ तथा वेई हैटिङले १८ रन जोडिन्।

नेपालका लागि रिया शर्माले उत्कृष्ट बलिङ गर्दै २ विकेट लिइन्। त्यस्तै मनीषा उपाध्याय, कविता कुँवर र पूजा महतोले समान १/१ विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १२५ रन बनाएको योगफल बनाएको थियो।




नेपालका लागि पूजा महतोले उत्कृष्ट ६३ रनको अर्धशतकीय इनिङ्स खेलिन्। त्यस्तै रुवी पोद्दारले २२ रनमा अविजित रहिन्। चीनका लागि मा रुइकेले २ विकेट लिइन् भने वाङ हुईयिङ र जियापिङ लीले समान १/१ विकेट हात पारे। अब नेपालले आज (बिहीबार) इन्डोनेसियासँग खेल्नेछ।

# उदयपुरलाई हराउँदै विराटनगर फाइनलमा

■ प्रभाव संवाददाता

**विराटनगर–** स्थानीय टीडब्लूवाईसी फुटबल क्लब विराटनगरमा जारी छैटौं संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। विराटनगर जुटमिलको खेल मैदानमा बुधबार भएको पहिलो सेमिफाइनलमा उदयपुरको ब्रदरहुड फुटबल क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै विराटनगर उपाधिनजिक पुगेको हो।

प्रतिस्पर्धात्मक खेलको ४३ औं मिनेटमा दोर्जे तामाङले गरेको गोल नै विराटनगरका लागि निर्णायक बन्यो। उनको त्यही गोलको मद्दतले टोलीले फाइनलको यात्रा तय गरेको हो। निर्णायक गोलकर्ता दोर्जे तामाङ खेलको 'प्लेयर अफ द म्याच' घोषित भए। उनले नगद २१ सय रूपैयाँ पुरस्कार प्राप्त गरे।

विराटनगरले अब उपाधिका लागि बिहीबार हुने दोस्रो सेमिफाइनलको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। दोस्रो सेमिफाइनल खेल कोसी प्रदेश प्रहरी कार्यालय विराटनगर र लालीगुराँस फुटबल क्लब, रानीबीच हुने आयोजकले जनाएको छ। मिल्स गोल्डकप फुटबल ट्रष्टको आयोजनामा भइरहेको प्रतियोगिताको विजेताले २ लाख १ हजार १ सय ११ र उपविजेताले १ लाख १ हजार १ सय ११ रूपैयाँसहित ट्रफी प्राप्त गर्नेछन्।

# एनेक्स र विपनालाई स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंकाद्वय एनेक्स महर्जन र विपना तामाङले १६ औं राष्ट्रपति रनिङ सिल्ड बागमती प्रदेशस्तरीय प्रतियोगिताअन्तर्गत उसुमा बुधबार स्वर्ण जितेका छन्। थाइची छ्वानको पुरुषमा एनेक्स तथा महिलामा विपना पहिलो भएका हुन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सेमी कभर्डहलमा भएको प्रतियोगिताको पुरुषमा ललितपुर अजय वाइबा दोश्रो तथा भक्तपुरका रिसन तिमिला तेश्रो भए। महिलामा ललितपुरकी रुविना गुरुङ दोश्रो तथा नुवाकोटकी रितिका तामाङ तेश्रो बने। पुरुष/महिलामा समान ६-६ स्पर्धामा प्रतिस्पर्धा भइरहेको छ। प्रतियोगिताको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले एक कार्यक्रमबीच उद्घाटन गरे।



उक्त अवसरमा बागमती प्रदेशकी युवा तथा खेलकुद मन्त्री उर्मिला नेपाल, बागमती प्रदेशका पूर्व युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन, राखेपका सदस्य-सचिव रामचरित्र मेहता, आयोजक प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव दीपक लामालगायतको उपस्थिति रहेको थियो।

प्रतियोगितामा उसुसहित एथलेटिक्स, भलिबल, कराते, तेक्वान्दो र कबडी गरी ६ खेल समावेश छन्। यसै प्रतियोगिताबाट राखेपको आयोजनामा जेठ २० देखि २२ गतेसम्म काठमाडौंमा हुने १६ औं केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितका लागि बागमतीबाट सहभागी हुने खेलाडी छनोट गरिने छ।


## म्याग्दी हाइड्रोपावर लिमिटेड

**विशेष साधारणसभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/१४)**

**शेयरधनी महानुभावहरू,**

मिति २०८३/०२/१३ गते बुधबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको ६३औं बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उक्त विशेष साधारण सभामा सहभागिताको लागि शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) को प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान**

मितिः २०८३/०२/२९ गते, शुक्रबार अर्थात जुन १२, २०२६।
समयः ११:०० बजे, बिहान।
स्थानः महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.- ११ कालिका नगर, रुपन्देही।

**छलफलका विषयहरू:**

**विशेष प्रस्ताव**

१. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने र कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।
२. सर्वसाधारणमा जारी गरिने शेयरलाई संशोधन गरी प्राथमिक सार्वजनिक निष्काशनको प्रक्रियालाई निरन्तरता दिने सम्बन्धमा।
३. प्राथमिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धमा।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. कर्जा स्वाप गर्ने सम्बन्धमा।
६. विविध।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



रुसको मस्कोस्थित क्याथेड्रल मस्जिदबाहिर बुधबार ईद अल अधाको नमाज पढ्दै मुस्लिमहरू । *तस्बिरः एपी*

# भारतमा चरम गर्मी चेतावनी

**नयाँदिल्ली–** भारतमा बढ्दो चरम गर्मी र त्यसबाट उत्पन्न जोखिमप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार कडा चेतावनी जारी गरेका छन् । विश्वकै सबैभन्दा बढी जनसंख्या भएको देशमा तापक्रम असामान्यरूपमा बढिरहेका बेला उनले नागरिकहरूलाई सावधानी अपनाउन आग्रह गरेका हुन् । यसैबीच, जंगलमा लागेको आगो नियन्त्रण गर्न सेनाले लामो समयसम्म संघर्ष गरिरहेको छ भने गर्मीका कारण मृत्युका घटनासमेत रिपोर्ट भएका छन् ।

अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म एक्युआईका अनुसार बुधबार दिउँसो विश्वका ४५ सबैभन्दा तातो सहरमध्ये अधिकांश भारतमै रहेका थिए, जहाँ तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । यस्तो अवस्थाले देशका धेरै भागमा जनजीवन प्रभावित बनेको छ ।



प्रधानमन्त्री मोदीले आफ्नो कार्यालयमार्फत जारी गरेको सन्देशमा भारतका विभिन्न क्षेत्रमा तापक्रम निरन्तर बढिरहेको र यसले नयाँ चुनौती सिर्जना गरिरहेको उल्लेख गरे । उनले गर्मीको असरलाई हल्का रूपमा नलिन आग्रह गर्दै सबै नागरिकलाई आवश्यक सावधानी अपनाउन अपिल गरे ।

उनले अत्यधिक गर्मीले शरीरमा पानीको कमी (डिहाइड्रेसन) ल्याउने, रगत गाढा बनाउने तथा गम्भीर अवस्थामा अंग फेल हुने जोखिम हुने बताए । चेतावनीको संकेतलाई बेवास्ता गर्दा अवस्था अझ खतरनाक बन्न सक्ने र 'हिट स्ट्रोक' को सम्भावना बढ्ने उनको भनाइ छ ।

यसैबीच, गत सातामात्रै दक्षिणी राज्य तेलंगानामा गर्मीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । गर्मीबाट बालबालिका, वृद्ध तथा बाहिर काम गर्ने श्रमिकहरू सबैभन्दा बढी जोखिममा रहेको प्रधानमन्त्रीले उल्लेख गरे । भारत मौसम विज्ञान विभाग (आइएमडी)का अनुसार उत्तर प्रदेशको बान्दा सहरमा मंगलबार ४७.४ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ । यो सामान्यभन्दा ३.८ डिग्री बढी हो । यस महिनाको सुरुमै सोही क्षेत्रमा तापक्रम ४८.२ डिग्री सेल्सियससम्म पुगेको थियो । राजधानी नयाँदिल्लीमा बुधबार दिउँसो तापक्रम ४० डिग्री सेल्सियस मापन गरिएको छ । विज्ञहरूका अनुसार गर्मी बढ्दै जाँदा वन डढेलोको जोखिम पनि उच्च बन्दै गएको छ ।

यसै सन्दर्भमा भारतीय सेनाले हिमालयन क्षेत्रको पहाडी सहर कसौली नजिक लागेको डढेलो नियन्त्रण गर्न १६ घण्टाभन्दा बढी समयसम्म प्रयास गरेको जनाएको छ । सेनाका अनुसार वायु सेनाका हेलिकप्टरहरूले ठूलो मात्रामा पानी खसालेर आगो नियन्त्रणमा निर्णायक भूमिका खेलेका छन्, यद्यपि आगो निभाउने कार्य अझै जारी छ ।

मौसम विभागले गर्मी बढेसँगै देशका विभिन्न भागमा पानीको अभाव गहिरिँदै गएको चेतावनीसमेत दिएको छ । 'नदीहरू सुक्ने, भू-जल स्तर घट्ने, खडेरी र पानी संकट बढ्ने अवस्थाबीच प्रत्येक थोपा महत्त्वपूर्ण हुन्छ' भन्दै विभागले नागरिकलाई पानी बचत गर्न आग्रह गरेको छ । विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण उष्ण लहरहरू पहिलेभन्दा लामो, बारम्बार र बढी तीव्र हुँदै गएका छन् । दिनको उच्च तापक्रमसँगै राति पनि न्यून तापक्रम नघट्दा मानिसहरूलाई राहत मिल्न कठिन भइरहेको छ ।

भारतमा हालसम्मकै उच्च आधिकारिक तापक्रम सन् २०१६ मा राजस्थानको फलोदीमा ५१ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । वर्तमान अवस्थाले त्यसतर्फ पुनः उन्मुख हुने संकेत देखिन थालेको भन्दै स्वास्थ्य र वातावरणीय जोखिमप्रति थप सतर्कता अपनाउन विशेषज्ञहरूले आग्रह गरेका छन् । *रासस/एएफपी*

# इरानी राष्ट्रपति पेजेस्कियनले गरे मुस्लिम एकताको आह्वान

**तेहरान–** इरानका राष्ट्रपति मसूद पेजेस्कियनले मध्यपूर्वमा व्याप्त क्षेत्रीय चुनौती र जारी तनावलाई सम्बोधन गर्न सामूहिक एकता आवश्यक रहेको कुरामा जोड दिँदै मुस्लिम देशहरूबीच बलियो एकताको आह्वान गरेका छन् ।

ईद अल-अधा अघि धेरै मुस्लिम राष्ट्रका नेताहरूसँग टेलिफोनमा कुराकानी गर्दै पेजेस्कियनले इस्लामिक एकता अब्बल बनाउन र 'खतराहरूको सामना' गर्दै सबै क्षेत्रहरूमा सहयोग विस्तार गर्नुपर्ने बताएका छन् । इराक, ओमान, कतार, टर्की, ताजिकिस्तान, इजिप्ट, किर्गिजस्तान र अजरबैजानलगायतका नेताहरूसँगको कुराकानीमा ईद अल-अदाको शुभकामना दिँदै उनले भगवान्ले मुस्लिमहरूको हृदयलाई नजिक ल्याइ सबै क्षेत्रमा सहयोगको विस्तार र खतराको सामना गर्न एक अर्काको समर्थन गर्न सकिने सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् ।



किर्गिज राष्ट्रपति सादिर जापारोभसँगको कुराकानीमा पेजेस्कियनले ईद अल-अदालाई मुस्लिम राष्ट्रहरू बीचको विश्वास, बलिदान र एकताको शक्तिशाली प्रतीकको रूपमा वर्णन गरेको इरानी राज्य सञ्चार माध्यम प्रेस टिभीले जनाएको छ । यो अवसरले इस्लामिक विश्वका देशहरूबीच आपसी विश्वास र क्षेत्रीय सम्बन्धलाई गहिरो बनाउन सम्झाउने अवसरको रूपमा काम गर्नुपर्ने उनले बताएका छन् ।

इस्लामिक क्षेत्रमा एकता र बाहृय हस्तक्षेपको सामूहिक अस्वीकारमा निर्मित क्षेत्रीय सम्बन्धमा आगामी समयमा 'नयाँ अध्याय' देखापर्ने विश्वास व्यक्त गर्दै पेजेस्कियनले विवाद समाधानका लागि कूटनीतिक संवादप्रति इरानको प्रतिबद्धतालाई दोहोर्‍याएका छन् ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको वार्ताका क्रममा पेजेस्कियनले मुस्लिम देशहरूबीचको एकताले साझा क्षेत्रीय संकटहरूलाई सम्बोधन गर्न र बाहृय दबाबहरूको सामना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन् । यसैबीच उनले तेहरान र क्वालालम्पुरबीच आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा बलियो द्विपक्षीय संलग्नताका लागि पनि आह्वान गरेका छन् । जवाफमा प्रधानमन्त्री अनवर इब्राहिमले मुस्लिम राष्ट्रहरूबीच अझ बढी एकता र सहयोगको आशा व्यक्त गरेका छन् ।

इराकी राष्ट्रपति निजार अमीदी र प्रधानमन्त्री अली फालिह अल-जैदीसँगको छुट्टै कुराकानीमा, पेजेस्कियनले बलिदान, भाइचारा र ऐक्यबद्धता सम्झाउने इद अल-अदाको मूल्यमान्यताहरूमाथि प्रकाश पार्दै क्षेत्रीय सहयोगलाई बलियो बनाउन आवश्यक रहेको कुरामा जोड दिएका छन् । लाखौं मुस्लिमहरूले हजको १०औं दिनमा पैगम्बर अब्राहमको ईश्वरप्रतिको भक्तिको सम्मान गर्न ईद अल-अधा मनाउँछन् । *रासस/एएनआई*

# नासाको चन्द्र आधार योजना सार्वजनिक

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाको राष्ट्रिय हवाई यातायात तथा अन्तरिक्ष प्रशासन (नासा) चन्द्रमाको दक्षिणी ध्रुव नजिकै दिगो मानव बस्ति स्थापना गर्ने योजनाहरूको रूपरेखा प्रस्तुत गर्दै आफ्नो पहलको अनावरण गरेको छ ।

वासिङ्टनमा रहेको आफ्नो मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा नासाका अधिकारीहरूले चन्द्रमा दीर्घकालीन मानव अन्वेषण, वैज्ञानिक अनुसन्धान र व्यावसायिक गतिविधिहरूलाई सहयोग गर्न चन्द्र पूर्वाधारको विकासका लागि एजेन्सीको रणनीति कार्य योजना प्रस्तुत गरेका हुन् ।



नासाका अनुसार चन्द्र आधार योजनालाई तिन चरणमा विकास गरिने छ । सन् २०२९ सम्म चल्ने पहिलो चरण रोबोटिक अन्वेषण र प्रविधि प्रदर्शनमा केन्द्रित छ । दोस्रो चरण, सन् २०२९ देखि २०३२ सम्म, प्रारम्भिक आवास प्रणाली, साथै बिजुली र सञ्चार पूर्वाधारमा केन्द्रित रहने जनाइएको छ । यसैगरी सन् २०३२ पछि सुरु हुने, तेस्रो चरणमा चन्द्रमामा दिगो मानव उपस्थिति स्थापना गर्ने र चन्द्र संसाधनहरूको उपयोगका लागि उन्नत प्रविधिहरू स्थापना गर्ने लक्ष्य रहेको जनाइएको छ ।

नासाले चन्द्रमाको दक्षिणी ध्रुवलाई यसको सूर्यको प्रकाशको विस्तारित अवधिको कारण लक्षित क्षेत्रको रूपमा चयन गरिएको जनाएको छ जुन सौर्य ऊर्जा उत्पादनका लागि अनुकूल छ । चन्द्रमाको सबैभन्दा पुरानो भूभाग नजिकै अवस्थित रहेकाले यो क्षेत्र उच्च वैज्ञानिक चासोको विषय भएको पनि बताइएको छ ।

नासाका अनुसार यस क्षेत्रका नमूनाहरूले चन्द्र र पृथ्वी-चन्द्र प्रणालीको प्रारम्भिक इतिहास, साथै सौर्यमण्डलको विकासको बारेमा नयाँ अन्तरदृष्टि प्रदान गर्न सक्छ । नासाले यस क्षेत्रले विज्ञान, प्रविधि प्रदर्शन र अन्वेषण, भविष्यका गहिरो अन्तरिक्ष मिसनहरूका लागि उन्नत प्रविधि केन्द्रका रूपमा काम गर्ने बताएको छ ।

नासाले यस क्षेत्रमा सम्बन्धित पूर्वाधारको विकासमा व्यावसायिक साझेदार र अन्तर ाष्ट्रिय सहयोगीहरूले प्रमुख भूमिका खेल्ने बताएको छ । *रासस/सिन्ह्वा*

# नवीकरणीय ऊर्जा क्षेत्रमा चिनियाँ अनुसन्धानकर्ताको नयाँ सफलता

**बेइजिङ–** चिनियाँ अनुसन्धानकर्ताहरूको एक टोलीले सौर्य सेलको कार्यक्षमता र सञ्चालन स्थायित्व दुवै उल्लेखनीय रूपमा सुधार गर्ने नयाँ संरक्षण रणनीति विकास गरेको छ । यो सम्बन्धी अनुसन्धान हालै एक वैज्ञानिक जर्नलमा प्रकाशित भएको छ ।

यस प्रकारको सौर्य सेलमा माथिल्लो भागमा विशेष प्रकाश रूपान्तरण तह र तल्लो भागमा सिलिकन आधारित तह प्रयोग गरिन्छ । यस्तो संरचनाले सूर्यको प्रकाशलाई उच्च दक्षताका साथ विद्युत्मा रूपान्तरण गर्न मद्दत गर्छ, जसले हल्का तथा उच्च-क्षमतायुक्त सौर्य प्रविधिको सम्भावना बढाएको छ ।

तर औद्योगिक सिलिकन सतहको पिरामिड-जस्तो बनावटका कारण माथिल्लो तह समान रूपमा राख्न कठिन हुने समस्या थियो । यसले स्थानीय विद्युतीय चुहावट निम्त्याएर व्यावसायिक प्रयोगमा चुनौती सिर्जना गर्दै आएको थियो ।

चिनियाँ अनुसन्धानकर्ताहरूले पूर्वी चीनका दुई विश्वविद्यालयसँगको सहकार्यमा 'चुचुरो-केन्द्रित संरक्षण' नामक नयाँ रणनीति विकास गरेका हुन् । उनीहरूले सूक्ष्म कणलाई नमूनाको रूपमा प्रयोग गरी पिरामिडको चुचुरो भागमा एल्युमिनियम अक्साइडको अत्यन्त पातलो अवरोधक तह राख्ने विधि अपनाए, जसले विद्युतीय चुहावट रोक्न मद्दत गर्छ ।

यस प्रविधिबाट तयार गरिएको सौर्य सेलले करिब ३३ प्रतिशत ऊर्जा रूपान्तरण दक्षता हासिल गरेको छ, जुन करिब एक वर्ग सेन्टिमिटर सक्रिय क्षेत्रफल भएको सौर्य सेलमा प्राप्त गरिएको हो ।

त्यसैगरी, उक्त उपकरणले लगातार एक हजार घण्टा सञ्चालनपछि पनि आफ्नो प्रारम्भिक कार्यक्षमताको करिब ९० प्रतिशत कायम राखेको अनुसन्धानले देखाएको छ, जसले यसको दीर्घकालीन स्थायित्व पनि प्रमाणित गरेको छ । अध्ययनका एक सहलेखकका अनुसार, 'यो रणनीति सरल छ र हालका औद्योगिक उत्पादन प्रणालीसँग सजिलै मिल्न सक्छ । यसले नयाँ प्रकारका सौर्य सेललाई व्यावसायिक प्रयोगतर्फ अझ नजिक पुर्‍याएको छ ।' *रासस/सिन्ह्वा*

# रुसले बनायो नयाँ इबोला खोप

**मस्को–** अफ्रिकामा इबोला संक्रमणको जोखिम बढिरहेका बेला रुसले इबोलाको नयाँ स्ट्रेनविरुद्ध प्रभावकारी हुन सक्ने खोप विकास गरेको दाबी गरेको छ । दक्षिण अफ्रिकास्थित रुसी दूतावासका अनुसार रुसी वैज्ञानिकहरूले तयार पारेको उक्त खोपले हाल प्रकोपसँग जोडिएको दुर्लभ 'बुण्डिबुग्यो' स्ट्रेनबाट समेत सुरक्षा दिन सक्ने सम्भावना देखाएको छ ।

दूतावासले रुसी स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोलाई उद्धृत गर्दै वैज्ञानिकहरूले इबोला भाइरसको नयाँ स्वरूपविरुद्ध खोप विकास गरेको जानकारी दिएको जनाएको छ । विशेषगरी कंगो क्षेत्रमा देखिएको प्रकोपसँग सम्बन्धित बुण्डिबुग्यो स्ट्रेनविरुद्ध पनि यो खोप उपयोगी हुन सक्ने दाबी गरिएको छ ।



मध्य अफ्रिकामा फैलिरहेको इबोला प्रकोपले अन्तर्राष्ट्रिय स्वास्थ्य निकायहरूको चिन्ता बढिरहेका बेला रुसले नयाँ इबोला स्ट्रेनविरुद्ध खोप विकास गरेको घोषणा गरेको छ । अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम (आइएचआर) २००५ अन्तर्गत विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मे १७ मा कंगो लोकतान्त्रिक गणतन्त्र (डिआरसी) र युगाण्डामा देखिएको इबोला प्रकोपलाई ध्यानमा राख्दै अवस्थालाई 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपत्काल' (पिएचइआइसी) का रूपमा वर्गीकृत गरेको थियो । स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिअनुसार अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्र (अफ्रिका सिडिसी) ले पनि कंगो र युगाण्डामा फैलिरहेको बुण्डिबुग्यो स्ट्रेनसँग सम्बन्धित इबोला भाइरस रोगको प्रकोपलाई औपचारिकरूपमा पुष्टि गरेको छ ।

यसबीच, डब्लुएचओको आइएचआर आपत्कालीन समितिले मे २२ मा थप सतर्कताका उपाय सुझाउँदै अस्थायी सिफारिसहरू सार्वजनिक गरेको थियो । समितिले बुण्डिबुग्यो भाइरस पुष्टि भएका क्षेत्रबाट आएका अस्पष्ट ज्वरोका बिरामी यात्रुहरूको पहिचान, मूल्यांकन, प्रतिवेदन र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय प्रवेश नाकाहरूमा रोग निगरानी प्रणाली थप बलियो बनाउन आग्रह गरेको छ । साथै, भाइरस देखिएका क्षेत्रमा अनावश्यक यात्रा नगर्न पनि सिफारिस गरिएको छ । प्रेस विज्ञप्तिअनुसार कंगो लोकतान्त्रिक गणतन्त्र र युगाण्डासँग सीमा जोडिएका देशहरू, विशेषगरी दक्षिण सुडानलगायतका क्षेत्रमा रोग फैलिने जोखिम उच्च रहेको आकलन गरिएको छ ।

इबोला रोग अत्यन्त गम्भीर भाइरल रक्तस्रावी ज्वरो हो । यो इबोला भाइरसको बुण्डिबुग्यो स्ट्रेनको संक्रमणबाट उत्पन्न हुन्छ । यो रोग उच्च मृत्युदरसँग सम्बन्धित मानिन्छ । हालसम्म बुण्डिबुग्यो स्ट्रेनबाट हुने इबोला रोगको रोकथाम वा उपचारका लागि कुनै खोप वा विशेष उपचारलाई औपचारिक स्वीकृति प्राप्त भएको छैन । यही सन्दर्भमा रुसले गरेको नयाँ खोप विकासको दाबीलाई अन्तर ाष्ट्रिय स्वास्थ्य समुदायले चासोका साथ हेरिरहेको छ । *रासस/एएनआई*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९०५०० | प्रति तोला – ० | प्रति तोला – ५०८० |

आर्थिक सर्वेक्षण

## सेयर कारोबार रकम घट्यो, सूचकांक सकारात्मक

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्र दोस्रो बजारमा भएको कारोबार रकम गत वर्षको तुलनामा झण्डै एक तिहाइले घटेको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आव २०८२/८३ को आर्थिक सर्वेक्षणमा चालु आवको फागुनसम्म धितोपत्र दोस्रो बजारमा रु १० खर्ब २८ अर्ब ४७ करोड बराबरको कारोबार भएको उल्लेख छ। गत आवको सोही अवधिमा यस्तो कारोबार रु १४ खर्ब ६५ अर्ब ६६ करोड थियो।

त्यस्तै औसत दैनिक कारोबार रकम पनि गत वर्षको रु नौ अर्ब ८३ करोडबाट घटेर रु सात अर्ब ४५ करोडमा झरेको छ। कारोबार भएका धितोपत्रको संख्या २७ दशमलव २ प्रतिशत र कारोबार संख्यामा २९ दशमलव ८ प्रतिशतले घटेको छ।

अघिल्लो आवको तुलनामा नेप्से सूचकांक र बजार पुँजीकरण भने सकारात्मक छ। चालु आवको फागुन मसान्तमा नेप्से परिसूचक २८२० दशमलव ४५ विन्दु कायम भएको छ, जुन गत वर्षको २७३६ दशमलव ४९ विन्दुको तुलनामा बढी हो।

त्यसैगरी फागुन मसान्तसम्म कूल बजार पुँजीकरण अघिल्लो आवको सोही अवधीको तुलनामा चार दशमलव ४२ प्रतिशतले वृद्धि भई रु ४७ खर्ब ४४ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो आवको सोही समयमा कुल बजार पुँजीकरण रु ४५ खर्ब ४३ अर्ब ८१ करोड थियो।

### डिम्याट खाता खोल्ने ७६ लाख

सार्वजनिक विवरणअनुसार चालु आवको फागुन मसान्तसम्म डिम्याट खाता खोल्नेको संख्या ७६ लाख ३९ हजार पुगेको छ। जुन कूल जनसंख्याको २६ दशमलव दुई प्रतिशत हो। यो संख्या २०८२ असारसम्म ६९ लाख ९७ हजार थियो। त्यस्तै २०८२ असार मसान्तसम्म मेरो शेयर खाताको संख्या ५९ लाख ७६ हजार रहेकामा फागुनसम्म ६६ लाख १३ हजार पुगेको छ।

### दोस्रो बजारमा कारोबार गर्ने बढे

धितोपत्र दोस्रो बजारमा कारोबार गर्ने लगानीकर्ताको संख्या बढेको छ। सार्वजनिक विवरणअनुसार चालु आवको फागुनसम्म दोस्रो बजारमा अनलाइन कारोबारका लागि लग–इन लिने लगानीकर्ताको संख्या ३१ लाख ८२ हजार ४६२ रहेको छ। गत आवको सोही अवधिमा यस्तो संख्या २५ लाख ४९ हजार ६९६ थियो।

## उद्योग दर्ता १२ प्रतिशतले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं –** मुलुकमा औद्योगिक तथा लगानीमैत्री वातावरण अभिवृद्धि हुँदै गएपछि उद्योग दर्ता करिब १२ प्रतिशतले बृद्धि भएको छ। विसं २०८१ फागुनसम्म नौ हजार ९६३ उद्योग दर्ता भएकामा २०८२ को सोही अवधिमा ११ हजार १४० वटा उद्योग दर्ता भएका छन्।

प्रतिनिधिसभामा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणअनुसार ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १३.९, २०.० र ६६.१ प्रतिशत रहेको छ।

विसं २०८२ असारसम्म उद्योग विभागमा दर्ता भएको उद्योगको स्वीकृत लगानी रु ३३ खर्ब ३७ अर्ब ८० करोड रहेकामा चालु आवको फागुनसम्म रु तीन खर्ब ८९ अर्ब ७४ करोड थप लगानी स्वीकृत भएको छ। सो अवधिसम्म रु ३७ खर्ब २७ अर्ब ५४ करोड उद्योगका लागि लगानी स्वीकृत भएको छ। चालु आवको फागुन मसान्तसम्म ९२१ नयाँ उद्योग दर्ता भएका छन्। यस्ता उद्योगको सञ्चालनबाट ३९ हजार ५४६ रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

गत आवको सोही अवधिमा ४३८ उद्योगको रु एक खर्ब ७१ अर्ब ३६ करोड लगानी स्वीकृत भई २३ हजार ६४ प्रत्यक्ष रोजगारी सिर्जना हुने अनुमान थियो। गत फागुनसम्म दर्ता भएका उद्योगको संख्याका आधारमा सबैभन्दा बढी हिस्सा उत्पादनमुलक उद्योगको रहेको छ। ३३ दशमलव ३ प्रतिशत उत्पादनमुलक उद्योग दर्ता हुँदा सबैभन्दा कम ० दशमलव ७ प्रतिशत पूर्वाधार क्षेत्रका उद्योग रहेका छन्।

दर्ता भएको उद्योगमध्ये सेवामूलक उद्योग २३.९ प्रतिशत, पर्यटन उद्योग २३.५ र अन्य उद्योगको हिस्सा १९.३ रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ। गत फागुनसम्म तीन हजार ७१५ उत्पादनमुलक, दुई हजार ६५८ सेवामूलक, दुई हजार ६१३ पर्यटन, ६२७ ऊर्जामुलक, ५८१ कृषि तथा वन पैदावरमा आधारित, ७७० सूचना प्रविधिमा अधारित, ९९ खरिज र ७७ उद्योग पूर्वाधार क्षेत्रका उद्योग दर्ता भएका छन्।

चालु आवको फागुन मसान्तसम्म ऊर्जामूलक उद्योगमा सबैभन्दा बढी ५५.१ प्रतिशत लगानी स्वीकृत भएको छ। उत्पादनमूलक उद्योगमा यस्तो स्वीकृति १९.५ प्रतिशत छ भने सबैभन्दा कम खनिज उद्योगमा ०.३ प्रतिशत मात्रै रहेको छ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं।

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पेट्रोलियम पदार्थको खपत घट्दो

**काठमाडौं (प्रस)–** विद्युत्को खपत बढेसँगै पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दै गएको पाइएको छ। देशभरका झण्डै ९९ दशमलव एक प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुगेको छ। सहरी क्षेत्रमा विद्युत् खपत क्रमशः बढ्दै गएको छ। सहरी क्षेत्रमा विद्युतीय चुल्होको प्रयोग बढ्दै जाँदा खाना पकाउने ग्यासको खपत क्रमशः घट्दै गएको छ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुन मसान्तसम्म पेट्रोल र डिजेलको खपत गत आवको सोही अवधिको तुलनामा क्रमशः १० प्रतिशत र नौ दशमलव नौ प्रतिशतले घटेको छ।

विद्युतीय खपत बढ्दै जाँदा पेट्रोलियम पदार्थको आयात घट्दै जाने देखिन्छ। यस्तै, आर्थिक सर्वेक्षणअनुसार कर्णाली प्रदेशका केही गाउँपालिका र सुदूरपश्चिम प्रदेशको केही गाउँपालिकाबाहेक अन्य स्थानमा विद्युतीय पहुँच पुगेको छ। विद्युतीय पहुँच पुगेको स्थानमा गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने चुनौती कायमै छ। त्यसका लागि सरकारले प्रयास गरिरहेको छ। एकाध वर्षभित्रै शतप्रतिशत घरधुरीमा विद्युत् सेवा पुऱ्याउने र थप गुणस्तरीय बनाउने सरकारको प्रयासलाई सरोकारवाला निकायले पनि साथ र सहयोग प्रदान गरेका छन्।

गत फागुन मसान्तसम्म मुलुकको कूल विद्युत् जडित क्षमता चार हजार १०५ मेगावाट बराबर पुगेको छ। त्यसमा जलविद्युत्को जडित क्षमता तीन हजार ७९८ मेगावाट बराबर छ। चालु आवमा भारततर्फ दुई हजार ९१८ गिगावाट घण्टा बराबरको विद्युत् निर्यात भएको छ।

त्यस्तै, आधारभूत खानेपानीको पहुँच ९७ प्रतिशत जनसफ्यामा पुगेको भएपनि सुरक्षित खानेपानीको पहुँच २९ प्रतिशतमा मात्रै सीमित रहेको छ। स्वास्थ्य बिमा कार्यक्रम सबै स्थानीय तहमा विस्तार भएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २८ लाख ५० हजार श्रमिक सूचीकृत भएका छन्।

## नेप्सेमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार झण्डै पाँच अंकले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव ९९ अंकले बढेर दुई हजार ७८२ दशमलव १० मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २१ अंकले उकालो लागेर ४७५ दशमलव ५१ मा पुगेको छ। कारोबार भएकामध्ये १५१ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने १०५ कम्पनीको शेयर मूल्य घटेको छ।

कर्पोरेट

### नागरिक लगानी कोष र नबिल बैंकबीच व्यवस्थापन सम्झौता



काठमाडौं (प्रस)- नागरिक लगानी कोष र नबिल बैंक लिमिटेडबीच बैंकका कर्मचारीहरूको अवकाश कोषको व्यवस्थापन गर्ने सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौतामा कोषका निर्देशक छबिरमण अधिकारी र बैंकका मानव संसाधन विभाग प्रमुख दिवस कार्कीले हस्ताक्षर गरेका हुन्। सम्झौतामा योगदानमा आधारित भए/नभएको उपदान कोष तथा अतिरिक्त अवकाश कोषको व्यवस्थापन गर्ने, गराउने व्यवस्था रहेको छ। बैंकका कर्मचारीहरूले मासिक/वार्षिक रूपमा कोष कट्टी गरी नियमित रूपले लगानी कोषमा रकम जम्मा गर्नुपर्ने छ। कोषले बैंकका कर्मचारीहरूको व्यक्तिगत खाता तयार गरी अभिलेख राख्ने छ। बैंकको सिफारिसमा सेवा निवृत कर्मचारीलाई अवकाश रकम भुक्तानी गर्ने व्यवस्था कोषले गर्नेछ।

त्यसैगरी, बैंकका कर्मचारीहरूले कोषमा जम्मा भएको रकममा नागरिक लगानी कोष ऐन, नियम, विनियम, निर्देशिका एवम् कार्यविधिमा उल्लेख भए अनुसार ब्याज, प्रतिफल तथा अन्य सेवा-सुविधा प्राप्त गर्नेछन्। बैंकको अवकाश कोष योजनाको व्यक्तिगत खातामा रहेको रकम, ऋण रकम तथा लगानी सहितको विवरण कोषलाई बुझाउनुपर्ने व्यवस्था पनि रहेको छ।

कोषले अवकाश वा सेवा निवृत्त भएका कर्मचारीलाई नियमानुसार कर कट्टा गरी भुक्तानी उपलब्ध गराउनेछ। त्यसको लागि बैंकले आफ्ना कर्मचारीहरूको विवरण कोषलाई उपलब्ध गराउने, मासिक तथा वार्षिक रूपमा कट्टा गरिएको रकम सम्बन्धित कोषमा जम्मा गर्ने तथा सेवा निवृत्त कर्मचारीहरूको अवकाश रकम भुक्तानीका लागि सिफारिस गर्नुपर्ने छ। योसँगै आयकर ऐन २०५८ बमोजिम स्वीकृत अवकाश कोषका रूपमा सञ्चालित साबिकका अवकाश कोषहरूमा रहेको बैंकको कर्मचारीहरूका अवकाश, उपदान र अतिरिक्त अवकाश कोषको रकम कोषमा रकमान्तरण गरिने पनि सम्झौतामा उल्लेख छ।

### कजारियाको नयाँ शोरूम दलदलेमा



**दलदले (प्रस)–** कजारिया रमेश टायल्स लिमिटेडले नवलपुरको दलदलेमा आफ्नो नयाँ शोरुम सुरु गर्दै गण्डकी प्रदेशमा आफ्नो बजार थप विस्तार गरेको छ। राइनो टायल एण्ड मार्बल ट्रेड लिङ्कद्वारा व्यवस्थापन गरिएको यस नयाँ शोरुमले विश्वस्तरीय र प्रतिष्ठित वाल तथा फ्लोर टायलहरू सिधै स्थानीय उपभोक्ताहरू माझ उपलब्ध गराउनेछ। यस शोरुमको कजारिया रमेश टायल्सका निर्देशक हिमांशु अग्रवाल र मिस नेपाल वर्ल्ड २०२४ आस्मा कुमारी के.सी.ले संयुक्त रूपमा उद्घाटन गरेका थिए। उक्त अवसरमा कजारिया रमेश टायल्स लिमिटेडका वरिष्ठ प्रतिनिधिहरू र राइनो टायल एण्ड मार्बल ट्रेड लिंकको व्यवस्थापन टोलीको सहभागिता रहेको थियो, जसले स्थानीय बासिन्दाहरूलाई नयाँ शोरुमको अवलोकनका लागि हार्दिक स्वागत गरेका थिए।

शोरुमलाई ग्राहकवर्गलाई आकर्षित गर्ने र सहजता प्रदान गर्ने किसिमको आधुनिक शैलीमा व्यवस्थित गरिएको छ। यहाँ आउने ग्राहकहरूले कजारिया उत्कृष्ट वाल र फ्लोर टायल्सका विविध विकल्पहरू प्रत्यक्ष रूपमा छामेर, यसका बुट्टा र फिनिसिङ अवलोकन गरी आफ्ना घर तथा परियोजनाहरूका लागि उपयुक्त डिजाइन सहजै रोज्न सक्नेछन्।

'राइनो टायल एण्ड मार्बल ट्रेड लिंकसँगको हाम्रो साझेदारी ठूला शहरहरू मात्र सीमित नभई बाहिरका समुदायहरूसम्म पुग्ने हाम्रो निरन्तर प्रयासको एउटा महत्वपूर्ण पाटो हो। हाम्रो उद्देश्य नवलपुरका बासिन्दाहरूले कजारियाको विश्वसनीय गुणस्तर र आधुनिक डिजाइनहरू सजिलै प्राप्त गरुन् र उहाँहरूको घर निर्माण तथा पुनःनिर्माणका योजनाहरूलाई साकार पार्न मद्दत पुगोस् भन्ने हो,' निर्देशक अग्रवालले भने। यो शोरुम अहिले सर्वसाधारणका लागि पूर्ण रूपमा खुला भइसकेको छ। दलदले, नवलपुर तथा आसपासका क्षेत्रका बासिन्दाहरूलाई शोरुममा आई नयाँ कलेक्सनबाट सेवा लिन सकिने जनाइएको छ।

### नेपाल एसबिआई मर्चेन्टद्वारा शैक्षिक सामग्री वितरण

**काठमाडौं (प्रस)–** नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत श्री राष्ट्रिय माध्यमिक विद्यालय, इन्द्रायणी, काठमाडौंमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री, ब्याग तथा कुर्सीहरू वितरण गरेको छ। शिक्षा क्षेत्रमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले आयोजित उक्त कार्यक्रम विद्यालय परिसरमा सम्पन्न भएको हो।

कार्यक्रममा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार भण्डारी, सञ्चालन प्रमुख केदार प्रसाद पुडासैनी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसी नारायण श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक अर्जुन कारञ्जित, शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार भण्डारीले गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्नु समाजप्रतिको साझा दायित्व भएको उल्लेख गर्दै विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणमा निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताए। उनले शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासका क्षेत्रमा नेपाल एसबिआई मर्चेन्टले विगतदेखि नै विभिन्न सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गर्दै आएको र आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमलाई अझ प्रभावकारी रूपमा निरन्तरता दिइने जानकारी दिए।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसी नारायण श्रेष्ठले विद्यालय तथा विद्यार्थीहरूको आवश्यकतालाई मध्यनजर गर्दै गरिएको सहयोगप्रति नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडप्रति हार्दिक आभार व्यक्त गरे। उनले यस्ता सहयोगले विद्यार्थीहरूमा अध्ययनप्रति थप उत्साह र प्रेरणा प्राप्त हुने विश्वास व्यक्त गरे। नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडले वित्तीय सेवासँगै सामाजिक उत्तरदायित्वलाई संस्थागत मूल्यमान्यताको महत्वपूर्ण अङ्गका रूपमा आत्मसात गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### बौद्ध महोत्सव जेठ २३ गते आयोजना हुने

**काठमाडौं (प्रस)–** धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'बौद्ध महोत्सव २०८३-हाम्रो संस्कृति, हाम्रो उत्सव' आयोजना हुने भएको छ। काठमाडौं महानगरपालिका वडा नं. ६, बौद्धको आयोजनामा हुन लागेको यस महोत्सवले बौद्ध क्षेत्रको मौलिक पहिचान, संस्कृति, स्थानीय कला, व्यवसाय, युवा सहभागिता र सामुदायिक एकतालाई एउटै मञ्चमा प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

महोत्सव जेठ २३ गते महेन्द्रबौद्ध माध्यमिक विद्यालय, फूलबारी क्षेत्रमा आयोजना हुनेछ। कार्यक्रममा स्थानीयवासी, युवा, परिवार, व्यवसायी, कलाकार, पर्यटक तथा संस्कृति प्रेमीहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ। महोत्सवमा सांस्कृतिक नृत्य, लाखे बाजा, मौलिक झाँक्री, स्थानीय कला-हस्तकला, खाद्य स्टल, स्थानीय उत्पादन तथा विविध सांगीतिक प्रस्तुति रहनेछन्। कार्यक्रमलाई अझ आकर्षक बनाउन द एक्स, हर्कुलस बस्नेत, द रेन्डर, द पासा रकर्स, फुर्वा र द ब्याण्ड




स्थानीय कलाकारहरू तथा सांस्कृतिक समूहहरूको प्रस्तुति रहनेछ।

यस अवसरमा वडा अध्यक्ष भुवन लामाले बौद्ध महोत्सव केवल मनोरञ्जनात्मक कार्यक्रम मात्र नभई बौद्ध क्षेत्रको संस्कृति, पर्यटन, स्थानीय व्यवसाय र समुदायलाई जोड्ने साझा अभियान भएको बताए। उनका अनुसार बौद्ध क्षेत्र धार्मिक तथा सांस्कृतिक रूपमा महत्वपूर्ण स्थान भएकाले यसको पहिचानलाई संरक्षण, प्रवर्द्धन र नया पुस्तासम्म पुर्याउनु महोत्सवको मुख्य उद्देश्य रहेको छ। महोत्सवलाई सम्पूर्ण बौद्ध क्षेत्रको साझा उत्सव बनाउन वडा क्षेत्रभित्रका घर, पसल, टोल तथा समुदायमा महोत्सवसम्बन्धी सूचना, ब्यानर तथा प्रचार सामग्रीमार्फत सहभागिताका लागि आह्वान गरिनेछ। कार्यक्रमको दिन सहभागीहरूलाई मौलिक संस्कृति झल्किने पोशाकमा उपस्थित भई ऱ्याली, बाजा, झाँक्री तथा सांस्कृतिक वातावरणसहित कार्यक्रममा सहभागी हुन अनुरोध गरिएको छ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ